# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



अल्पकालिन श्रामणेर, ऋषिनी प्रव्रज्या कार्यक्रममा ध्यान मग्न बाल-बालिकाहरू

DHARMAKIRTI


मिला पुन्ही

वर्ष-२२; अङ्क-१०

बिक्रम सम्वत् २०६१

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- बुद्धको मैत्री र करुणा | - | २ |
| ३. | महामानव बुद्ध | - सत्यनारायण गोयन्का | ३ |
| ४. | गुरु बुद्धको शरण-आना पाना ध्यान | - पूर्णबहादुर | ५ |
| ५. | धम्मपद-१७६ | - रीना तुलाधर | ६ |
| ६. | जगत् भ्रम होइन, सत्य हो | - डा. गणेश माली | ७ |
| ७. | शान्तिको शुभ-कामना | - सरोज उदास | ८ |
| ८. | मेत्ता सेन्टर बाल आश्रमलाई सहयोग | - | ८ |
| ९. | वि.एल.आई.ए. का सदस्यहरूलाई एक पत्र-२ | - भदेय गुरु सिङ युन, अनु. देवकाजी शाक्य | ९ |
| १०. | लालची सुगा | - केदार शाक्य | १० |
| ११. | राजगृहया महत्त्व | - हेराकाजी सुइका | ११ |
| १२. | महिलाहरूप्रति बुद्धको दृष्टिकोण तथा चाहना | - आनन्द प्रधान | १२ |
| १३. | समयको मूल्य | - मोतीलाल यादव | १४ |
| १४. | देह र म | - लुमन्ति शाक्य | १४ |
| १५. | योगाभ्यास विधि-५ | - डा. गोपाल प्रधान | १५ |
| १६. | पहिले आफू व्यवस्थित हुनुपर्छ | - नरेन्द्रनाथ भट्टराई | १६ |
| १७. | सद्धर्मको कार्य-१ | - भीमराव रामजी आंबेडकर, अनु. ललितरत्न शाक्य | १७ |
| १८. | बुद्धको स्वतन्त्र चिन्तन | - भिक्षु अश्वघोष | १८ |
| १९. | ध्यान | - राजीव वज्राचार्य | १९ |
| २०. | छलफल | - मेघदूत | २० |
| २१. | धर्मकीर्ति विहार-गतिविधि | - | २१ |
| २२. | धर्म प्रचार-समाचार | - | २३ |
| २३. | अग्र मनुज, वन्दना | - कृष्णहरि जि.सी. | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ब्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JANUARY 2005**

| वर्ष- २२ | अङ्क- १० | मिला पुन्ही | माघ २०६१ |
|---|---|---|---|





★ मार्गहरू मध्ये अष्टाङ्गिक मार्ग उत्तम छ । सत्यहरू मध्ये चारवटा आर्यसत्यहरू उत्तम छन् । धर्म मध्ये वैराग्य उत्तम । देव मनुष्यहरू मध्ये चक्षुवान बुद्ध उत्तम हुनुहुन्छ ।

★★★

★ ज्ञान प्राप्त गर्नका लागि यही मार्ग बाहेक अन्य मार्ग छैन । भिक्षुहरू ! तिमीहरू यही मार्गमा लाग्नु । यस मार्गले मात्र मारलाई मूर्छित पार्नेछ ।

★★★

★ यस मार्गमा लाग्यौ भने तिमीहरूले दुःख अन्त्य गर्न सक्नेछौ । सांसारिक दुःख वाण समान हो भन्ने बुझी मैले दुःखबाट मुक्त हुनसक्ने मार्ग बोध गरी तिमीहरूलाई बताएको हुँ ।

★★★


*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८१५५, ४२२ ४११२

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९१२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४८
नेपाल सम्वत् ११२५
इस्वी सम्वत् २००५
बिक्रम सम्वत् २०६१

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# बुद्धको मैत्री र करुणा

**माता यथा नियं पुत्तं आयुसा एक पुत्त मनुरक्खे**
**एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं**

अर्थात् आमाले जसरी आफ्नो प्राणको मतलब नराखी आफ्नो एक्लो छोरोको रक्षा गर्छिन्, त्यसरी नै प्राणीमात्र प्रति असीम प्रेमभाव बृद्धि गर।

मैत्री सूत्रमा बुद्धद्वारा उपदेशित यस गाथाले प्राणीमात्र प्रति एक असल व्यक्तिले राख्नुपर्ने मैत्रीपूर्ण व्यवहारलाई उल्लेख गरिएको छ।

बुद्ध यथावादी तथाकारी हुनुहुन्छ। अर्को शब्दमा भन्ने हो भने उहाँ आफूले बोले अनुसार पहिला आफैले आचरण गर्नुहुने सत्यवादी व्यक्ति हुनुहुन्छ। त्यसैले बुद्धको मैत्री र करुणा शुद्ध र पवित्र रहेको कुरा बुद्धकालिन विभिन्न घटनाहरूले प्रष्ट्याइरहेको छ। उहाँको मैत्री एवं करुणा शुद्ध रहेकोले नै होला, उहाँले अंगुलिमाल जस्तो भयानक हिंसक र आलवक जस्तो राक्षसी स्वभाव भएको व्यक्तिलाई पनि बोध गर्न सक्षम हुनुभएको थियो। त्यतिमात्र होइन उहाँले देवदत्त जस्तो गुरुद्रोही भिक्षुलाई पनि आफ्नो पुत्र राहुल समान मैत्रीपूर्ण व्यवहार गरी विजयी बन्नु भएको थियो। शुद्ध मैत्रीपूर्ण आध्यात्मिक चित्तको कारणले गर्दा नै बुद्धलाई कसैले पनि पराजित गर्न सकेको थिएन। उहाँले आफू विजयी बन्नका लागि कुनै बाहिरी शस्त्र अस्त्र र हथियार प्रयोग गर्न परेन। उहाँको लागि असली शस्त्र भन्नु नै मैत्री र करुणायुक्त शुद्ध चित्त थियो। आज हामीलाई अशान्ति हिंसा र युद्धले पराजित पारिरहनुको प्रमुख कारण नै हामीसंग शुद्ध मैत्री र करुणायुक्त चित्त नहुनुको कारणले हो। हामीसंग मैत्री, करुणायुक्त चित्त भएपनि यो शुद्ध र पक्षपात रहितभई सबै प्राणीहरूप्रति समान र स्वार्थरहित बन्न सकिरहेको छैन। स्वार्थ भावले भरिएको हाम्रो चित्तले आफ्नो सानो परिवारका सदस्यहरूलाई त समान व्यवहार गर्न सकिरहेको हुँदैन भने समाज र देशका सदस्यहरूलाई समान रूपले व्यवहार गर्नु त कता कता। यसरी बुद्धको चित्त र हाम्रो चित्तमा ठूलो फरक देखिन्छ।

आफ्नो इच्छा पूरा नहुने वित्तिकै हाम्रो मनको सन्तुलन एकैछिनमा डगमगाई हाल्छ। चित्त डगमगाउने वित्तिकै हाम्रो व्यवहारमा परिवर्तन आउन थाल्छ। अर्थात् चित्त राग, द्वेषले कलुषित हुन थाल्छ। यस कलुषित चित्त सहितको हामीले अरूलाई बोध गर्नु त कता कता हामी आफैलाई बोध गर्न असक्षम भइरहेका हुन्छौं। जुन व्यक्तिले क्षण क्षणमा मानसिक शान्ति गुमाउन पुग्छ, त्यसले अरूलाई कसरी मानसिक शान्ति प्रदान गर्न सक्छ र ?

आजभोली रेकी स्वास्थ्योपचार पद्धतिको प्रचलन आइरहेको देखिन्छ। यस पद्धतिले जति पनि लोकप्रियता कमाइरहेको छ, त्यसमा पनि शुद्ध मैत्री र करुणा चित्तको भूमिका नै देखिन्छ। जुन चिकित्सकको मनमा रोगी व्यक्ति प्रति शुद्ध मैत्रीले ठाउँ ओगटेको हुन्छ, उसको मैत्रीपूर्ण चित्तले बिरामीको रोग उपचार कार्यमा बढि प्रभावकारी भूमिका खेलेको हुन्छ।

यसरी हामीले पनि आजको अशान्तपूर्ण वातावरणमा पहिला आफ्नो मनलाई स्वार्थ रहित मैत्री र करुणाभावले शुद्ध पार्दै लाने अभ्यास गरी मानसिक शान्ति प्राप्त गर्न सफल हुन सकौं, बुद्धको सही शिष्य बन्न सकौं। सबै प्राणीहरू प्रति धर्मकीर्तिको यही शुभकामना रहेको छ।



Downloaded from http://www.dhamma.digital

# महामानव बुद्ध

■ सत्यनारायण गोयन्का

भगवान गौतम बुद्ध महामानव हुनुहुन्थ्यो, महापुरुष हुनुहुन्थ्यो । उहाँ साधारण मानवभन्दा अधिक महान हुनुहुन्थ्यो । उहाँ मानवीय सद्‌गुणको अमित भण्डार हुनुहुन्थ्यो, समता, अनासक्ति र अविचल सहिष्णुताको शीर्ष हिमालय भैं र गम्भीर प्रतिभाको अगाध सागर भैं हुनुहुन्थ्यो । हामीलाई थाहा छ कि तथागत गृहत्यागी, अनासक्त, निरपेक्ष हुनुहुन्थ्यो । दुखी व्यक्तिहरूलाई दु:ख विमुक्तिको मार्ग देखाउन अत्यन्त प्रयत्नरत हुनुहुन्थ्यो । गृहत्यागी भगवान बुद्ध नितान्त सन्त जीवन जिउनु हुन्थ्यो । तर लोक-कल्याणको लागि अत्यन्त प्रबल र अथक परिश्रमी जीवन जिउनु हुन्थ्यो । भगवान बुद्ध मनुष्यको रूपमा सम्बुद्ध हुनुहुन्थ्यो ।

यो सम्बोधि मानव जीवनको उच्चतम उपलब्धि हो, अतुलनीय महानता हो । भगवान बुद्ध यस्तो महामानव हुनुहुन्थ्यो जसको एकातिर बौद्धिक प्रतिभाको चरम विकास भयो भने अर्कोतिर मनको क्षेत्रमा करुणा र मैत्रीको विकास भयो । उहाँको प्रज्ञाको उचाई कति छ, त्यो नाप्न सकिँदैन र उहाँको मैत्री र करुणा कति गहिरो सम्म पुग्छ त्यो पनि नाप्न सकिँदैन । भगवानको प्रज्ञा कति छ भन्ने कुरा उहाँका उपदेशहरूमा ठाऊँ ठाऊँमा हामी पाउँछौं । चाहे कोही श्रद्धालु व्यक्ति उहाँको उपदेशबाट लाभ प्राप्त गर्न आएको होस् वा चन्द अहंकारी व्यक्ति वाद-विवाद गर्न आएको होस्, भगवान उनीहरूलाई शान्त चित्तले स्नेह पूर्वक करुणा युक्त वाणीले शुद्ध धर्म बुझाउनु हुन्थ्यो, जुन सुनेर तुरुन्त प्रभावित हुन्थे । तथागतको कथन यति युक्तिसंगत र न्यायसंगत हुन्थ्यो कि कसैले अस्वीकार गर्न सक्दैनथ्यो । यति बढी संख्यामा यति प्रभावशाली उदाहरणहरूको प्रयोग विश्वमा अरु कुनै धर्मशास्ताले दिएको पाउँदैनौं । उहाँका उपमाहरू दैनिक जीवन संग सम्बन्धित हुन्थे त्यसैले नै प्रभावशालिनी र हृदय स्पर्शी हुन्थ्यो ।

भगवान बुद्धको उपदेश यस्तो आकर्षक हुन्थ्यो कि सुन्ने व्यक्ति मुग्ध हुन्थे, सुन्ने व्यक्ति अघाउँदैनथे । भगवान स्वयं एकजना भिक्षु भएको कारण खिट्का छोडेर कहिल्यै हाँस्नु हुँदैनथ्यो । कहिल्यै लामो लय हालेर गाउँदैनथ्यो, बाजा बजाउनु हुन्नथ्यो, नृत्य गर्नु हुन्नथ्यो । यस्को अर्थ उहाँ रुखा-सुखा व्यवहारको पनि थिएन, उहाँ कलाको त्यतिकै पारखी थिए । उहाँले कतिपय प्रश्नको जवाफ पद्यमा दिनु भएको उदाहरणहरू हामी पाउँछौं ।

भगवान बुद्ध काव्यकला मनपराउनु हुन्थ्यो । उहाँ स्वयं आशुकवि थिए । यस सम्बन्धी एउटा उदाहरण यहाँ प्रस्तुत गरौं । एक समय उहाँका शिष्य पिंगियानी भगवानको धर्म सभामा बसिरहेका थिए । पिंगियानी एक आशुकवि थिए । कुनै प्रसंगलाई लिएर उनको मनमा एउटा कविताको भाव आएछ र भगवान संग प्रार्थना गरेछ, भन्ते भगवान म एउटा कविता सुनाऊँ । भगवान स्वयं कवि भएको नाताले उनको मनमा उर्लेको प्रतिभा प्रस्तुत गर्ने पीडालाई बुझ्नु हुन्थ्यो । अत: कविता भन्ने अनुमति दिनुभयो र उनको कवितालाई प्रसन्न-चित्तले सुन्नु भयो । भगवान लामो शूर हालेर कहिल्यै पनि गाउनुहुन्न थियो तर कहिले कांही सुरीलो स्वरमा पद्य अवश्य गाउनु हुन्थ्यो ।

एकपटक उहाँको सुरीलो कण्ठ सुनेर ब्राह्मण भारद्वाज प्रभावित भई भोजन दान दिएका थिए । तर भगवानले त्यसको भोजन अस्वीकार गर्नु भएको थियो । भगवान अनुष्टुप छन्दमा मात्र होइन अन्य छन्दहरूमा पनि गाथा रचना गर्नु हुन्थ्यो । उहाँले रचना गर्नु भएका गीतहरू अन्य शिष्यहरू अवश्य गाउँथे । एक पटक स्थविर महाकात्यायनका शिष्य सोण भगवानको दर्शन गर्न श्रावस्ती आएका थिए । भगवद-वाणी गाउनको लागि भगवानले भनेपछि आफ्नो सुरिलो स्वरमा सोणले गाए । भगवानले उनको सराहना गर्नु भयो ।

भगवान बुद्ध लोक कल्याणको लागि उपदेश दिनु हुन्थ्यो । उहाँको रौं रौं बाट करुणाको लहर तरंगित हुन्थ्यों । साधारण मानिसहरूले बुझ्न सक्ने योग्य उदाहरणहरू दिएर धर्म देशना गर्नु हुन्थ्यो । उदाहरण यसैले दिनु हुन्थ्यो ता कि धर्मलाई राम्ररी बुझ्न सकोस् । अविद्याको अन्धकारमा डुबेर रहेका मानिसहरूलाई ब्यूँझाउन भगवान कहिले कांही यस्तो उपमाहरू दिनु हुन्थ्यो कि जस्मा थोरै हाँसो र ब्यंग पूर्ण चेतावनी पनि समावेस गरिएको हुन्थ्यो, जुन सुन्दा सुन्ने व्यक्तिमा होश आवोस् ।

त्यस समयमा साधारण जनतालाई ठग्न विभिन्न

प्रकारको ठग-विद्याहरू प्रचलित थियो । कोही हातमा कमण्डलु लिएर घाँटीमा माला लगाएर साँझ-विहान पानीमा डुबुल्की लगाई मानिसहरूलाई ठग्थ्यो । कोही मरेको प्राणीहरूलाई बोलाएर स्वर्ग पठाउन सक्छु भनेर मानिसहरूलाई ठग्थ्यो ।

यस्तो कुरा सुनेर असिवंधकपुत्र ग्रामणीले भगवान समक्ष आएर सोधे कि यी साधारण मानिसहरू मरेको मान्छेलाई स्वर्ग पठाउन सक्छन् भने तपाईं त सम्यक सम्बुद्ध, कृपया तपाईंले विश्वमा मरेका सबै व्यक्तिहरूलाई स्वर्गमा पठाई दिनु होला ।

भगवानले भन्नु भयो यो त असम्भव छ । कसैले कसैलाई न स्वर्गमा पठाउन सक्छ न नर्कमा । कोही व्यक्ति मरे पछि उस्ले गरेको सत्कर्म छ भने स्वर्ग जान्छ र पाप कर्म गरेको छ भने नर्कमा जान्छ । यस कथनलाई स्पष्ट रुपमा बुझाउनको लागि भगवानले एउटा उदाहरण दिनुभयो । ग्रामणी एउटा तालमा एउटा ठूलो चट्टानलाई फाल र तालको वरिपरि केही मानिस बसेर हात जोडी प्रार्थना गर कि - हे चट्टान तिमी माथि आऊ, तिमी माथि आऊ । के यसरी प्रार्थना गरेर त्यो चट्टान माथि आएर पानीमा तैरन थाल्छ ?

त्यस्तै दुई वटा घैंटो मध्ये एउटामा ढुङ्गाका टुक्राहरूले भर र एउटामा घ्यूले भरेर तालमा छोडी देऊ । ढुङ्गाले भरेको घैंटो पानीमा डुब्छ भने घ्यूले भरिएको घैंटो पानीमा उत्रन्छ । अब कसैले हात जोडेर हे ढुङ्गाको घैंटो माथि आऊ, हे घ्यूको घैंटो तल जाऊ भनेर प्रार्थना गर्‍यो भने त्यो जान्छ ? तिमी यसलाई मान्न सक्छौ ? यस उदाहरणलाई सुने पछि ग्रामणीले भगवानको भनाईको तात्पर्यलाई राम्ररी बुझे ।

भगवानको न कोही आफ्ना थिए न पराई । उहाँको धर्मदेशना सबैका लागि थियो । जो धर्म धारण नगरी धार्मिक छुँ भन्ने देखावटी नाटक गरी अरुलाई ठग्छ वास्तवमा उनीहरू आफैलाई ठगीरहेको हुन्छ । आफ्नो हानी गरीरहेका हुन्छन् । भगवान यस्ता व्यक्तिहरूलाई कडा भन्दा कडा चेतावनी दिनुहुन्थ्यो ।

भगवानको शिक्षा जति जति लोकप्रिय हुँदै गयो त्यति त्यति नै उहाँको संघमा भिक्षुहरूको संख्या बढ्दै गयो । उनीहरू मध्ये अधिकांश भिक्षुहरू गम्भीर थिए र निष्ठा भावले भगवानले बताउनु भएको मार्गमा शील, समाधि र प्रज्ञाको अभ्यास गर्दथे । तर केही भिक्षुहरू भने बाहिरी रूपमा भिक्षुको जस्तो देखावटी गरे पनि उनीहरूको भित्र धर्मको नामोनिशान हुँदैनथ्यो । निष्ठावान भिक्षुहरू झैं समाजमा आदर पाउनको लागि तत्पर हुन्थे र संघमा सम्मिलित हुनुको लाभ प्राप्त गर्न चाहन्थे । यस्ता भिक्षुहरूलाई लक्षित गर्दै भगवानले भन्नुभयो– भिक्षुहरू जसरी कोही गधा, गाई-गोरुको पछि-पछि लागेर ठूलो स्वर मा म पनि पाल्तू जनावर हूँ भनेर भन्छ त्यसरी नै कोही भिक्षु, भिक्षु संघको पछि-पछि लागेर मानिसहरूमा झूठो साबित गर्न भन्दछ कि म पनि भिक्षु हूँ, म पनि भिक्षु हूँ । यसरी भन्दैमा कोही भिक्षु हुन सक्दैन ।

भगवान भव सागरबाट पार तर्नको लागि धर्म सिकाउनु हुन्थ्यो । कोही व्यक्ति भने धर्म धारण गरेर आफू मुक्ति हुने कुनै काम नगरी बुद्धवाणी कण्ठ गरेर धर्मको नेता बनेर सांसारिक लाभ प्राप्त गर्न त्यसको दुरुपयोग गर्दथ्यो । यस्तो मूर्ख व्यक्तिको लागि धर्म अहितको कारण बन्दछ, हानिको कारण बन्दछ । धर्मलाई गलत तरीकाले ग्रहण गर्नुको कारण यस्ता मानिसहरूका लागि धर्म लामो समयसम्म अहित र दुःखको कारण बन्दछ ।

भगवानले एउटा उदाहरण दिनु हुँदै भन्नुभयो कोही व्यक्तिले साँपलाई समाउँदा त्यसको घाँटीमा नसमाईकन पुच्छर अथवा जीऊमा समाउँछ भने साँप फर्केर उसलाई टोकिहाल्छ, जसको कारण त्यो व्यक्ति मर्न पनि सक्छ । यसै प्रसंगमा भगवानले सम्झाउँदै भन्नु भयो, म जुन उपदेश दिन्छु त्यो पार लगाउनको लागि हो त्यसलाई पक्रेर राख्नको लागि होइन । यदि कसैले मुक्तिको लागि धर्म धारण नगरिकन कुनै सम्प्रदाय बनाएर त्यसको प्रति आसक्त भयो भने उसले आफ्नो नै हानि गर्दछ । आसक्ति त आसक्ति नै हुन्छ । त्यो एकदम खतरनाक हुन्छ, चाहे त्यो धर्मको प्रति नै किन नहोस् । धर्मको प्रति पनि आसक्ति त्याग्नु पर्दछ । भगवानले उदाहरण दिनु हुँदै भन्नु भयो– जस्तो कसैले नाऊको प्रयोग गरेर नदी पार लगायो तर त्यस नाऊ प्रति आसक्त भएर यो मेरो नाऊ एकदम उपकारी छ यसलाई म बोकी हिँड्छु भनी टाउकोमा राखी, काँधमा राखी बोक्दै रह्यो भने के हुन्छ ? नदी तरे पछि त नाऊ त्याग्नु पर्‍यो । धर्मलाई पनि यस नाऊ झैं त्याग्नु पर्छ । अधर्मको त के कुरा ? मानिसहरू मिथ्या दार्शनिक मान्यताको प्रति पनि यसप्रकार आसक्त हुन्छन् त्यस्तै सम्यक दर्शनको प्रति पनि यसरी आसक्त भएर आफूलाई हानि नगरून् । यसैलाई 'मेरो' भन्दै आत्मभाव प्रबल गरेर साम्प्रदायिक दर्शन नबनाऊन् । त्यसैले भगवानले आफ्ना शिष्यहरूलाई पटक पटक दोहोर्‍याउनु भयो कि "मेरो उपदेशित धर्मलाई एक नाऊ झैं सम्झिनु पर्छ, यो भव पार लगाउनको लागि हो, पक्रेर राख्नको लागि होइन ।"



Downloaded from http://www.dhamma.digital

भगवान व्यंगले भरेका प्रवचन पनि दिनुहुन्थ्यो । तर ती व्यंग वाक्यमा कटुता पाईदैन थियो । भगवानको उद्देश्य लोक-कल्याण गर्नु थियो । उहाँको आफ्नो निजी स्वार्थ थिएन । भगवान, मिथ्या जंजालमा फसेका व्यक्तिहरू दुखबाट बाहिर आउन् भन्ने चाहनुहुन्थ्यो । जस्ले नरम भाषा बुझ्दैनन् तिनीहरूलाई कठोर वाणीको प्रयोग गर्नु आवश्यक थियो । तर यस्तो अवस्थामा पनि भगवानको हृदय करुणाले भरिएको हुन्थ्यो । जस्तो कोही उत्तानो पल्टिरहेको बालकको मुखमा सानो ढुङ्गा अड्किएको छ भने त्यसलाई निकाल्न हातका औंला भित्र पठाएर अलि दुखे पनि ढुङ्गा निकाल्ने प्रयत्न गर्नुपर्छ, किनकी यसमा त्यस बच्चाको नै भलो हुन्छ । यस्तै प्रकारले घोर अविद्याको नशामा डुबेको व्यक्तिलाई कठोर शब्द नै प्रयोग गर्नु पर्छ ता कि ऊ तिल्मिलाएर उठून् र दु:ख विमुक्तिको मार्गमा अघि बढ्न सकून् ।

भगवानको वात्सल्यभाव केवल भिक्षु संघको प्रति मात्र थिएन । अन्य गृहत्यागीहरूका प्रति पनि थियो । जब अकाल पर्थ्यो तब भगवानको विहारमा भोजनको कमी हुँदैनथ्यो, तर अन्य सन्यासिहरू खानको लागि लालायित हुन्थे । यस्तो समयमा भगवान अत्यन्त करुणा पूर्वक तिनीहरूका लागि भोजनको व्यवस्था आफ्नो बिहारमा गर्नुहुन्थ्यो ।

भगवानको महापरिनिर्वाण नजिक आईसकेको थियो । भगवानको श्रद्धालु उपासक चुन्द लुहारले भोजनको लागि आमन्त्रित गरेका थिए । भगवानलाई थाहा थियो कि उसको भोजन स्वास्थ्यको लागि हानिकारक छ । आहार ग्रहण गर्न योग्य थिएन । आफ्ना अन्य साथीहरूलाई भोजन ग्रहण गर्न रोके तर आफूले भने खाए र अतिसार जस्तो रोग लाग्यो जसको कारण मरणासन्न पीडा भोग्नु पऱ्यो । वास्तवमा महापरिनिर्वाण पूर्वको भोजन सम्यक सम्बुद्धको अन्तिम भोजन हुनुपर्थ्यो । त्यस भोजन दान बोधिसत्वलाई दिएको अन्तिम भोजन दान झैं अत्यन्त फलदायी नै हुन्थ्यो । भोजन खान योग्य थिएन तर पनि उपासक प्रति उनको करुणा जाग्यो कि कतै यस अपूर्व दानको फलबाट वंचित नहोउन् अत: शरीरको लागि हानिकारक भए पनि भोजन ग्रहण गर्नु भयो । शरीरलाई बडो कष्ट भयो । कुशीनगर जाँदा जाँदै चुन्दको सम्झना आयो कि उस्ले दिएको भोजन खाएर महापरिनिर्वाण प्राप्त भयो, यो थाहापाएर चुन्दलाई पश्चाताप नहोस् । उसको प्रति अपार करुणा जाग्यो । आनन्दलाई भगवानले आदेश दिनुभयो कि चुन्दलाई भनिदिनु कि उस्ले दिएको दान पनि त्यति नै महापुण्यशाली थियो ।

महापरिनिर्वाणको केही समय अगाडि आएका सुभद्रलाई आनन्दले रोकेका थिए किनकि यो अन्तिम समय धर्मोपदेश दिने उपयुक्त समय थिएन । परन्तु भगवानले आफ्नो असुविधाको ख्याल नगरी सुभद्रलाई बोलाएर धर्मोपदेश दिनुभयो । यस पश्चात् भगवान पहिलो देखि आठौं र फेरि आठौं देखि पहिलो ध्यान समापत्तिबाट गुज्रनु भयो । फेरि पहिले देखि चौथो ध्यानसमापत्तिमा समाहित हुनु भयो र महापरिनिर्वाणको अवस्था प्राप्त गर्नु भयो ।

यसरी भगवान आफ्नो जीवनको अन्तिम समयसम्म दु:ख विमुक्ति चाहनेका लागि मार्ग दर्शक बन्दै रहे । भगवान सज्जनता, सौम्यता र विनम्रताले भरेको मानविय गुणका जीवन्त आदर्श हुनुहुन्थ्यो ।

*(साभार : विपश्यना, वर्ष २१, अङ्क ६)*

## गुरु बुद्धको शरण-आना पाना ध्यान

■ पूर्णबहादुर

शील समाधि र प्रज्ञा हुनुपर्छ ।
ध्यान बस्नको लागि शील पालन गर्नु अनिवार्य छ ।
मन समाल्नु सक्नुपर्छ र नियत राम्रो हुनुपर्छ ।
अब नाकमा सास हेर्दा हेर्दै
निर्मल ध्यान प्राप्त हुने छातीमा हो भने ।
गर्भ प्रवेश कहाँबाट हुन्छन् र छातीमा ।
गर्भ धारण कहाँ हुने हो, कोई ?
बीउ नभईकन कुनै बोट बिरुवा उम्रदैन र
हुँदैन भने ।
विना कारण कुनै हेतु फल हुँदैन
मुसावादामा नपर्नु (मानव)
सच्चा व्यवहार गरौ र ईमान्दार होऔ यही हो धर्म
काय, वाक, चित्त शुद्ध गर्नु पर्छ ।
मासुको आँखाले होइन,
हृदय भित्र प्रज्ञाको आँखाले देख्नुपर्छ ।
आलोक पनि छ ।
यथार्थ हुनुपर्छ/मानव/
यो भव संसारको भय, त्रास देखेर डराएकाहरू
ध्यान विना दु:खबाट मुक्त हुँदैन
हृदय भित्र चित्त शुद्ध गर्नुपर्छ
ध्यान नगरिकन हृदय भित्र चित्त शुद्ध हुँदैन
मनमा शान्त, शितल गर्नु सक्नु पर्छ । शान्ति
(जगत संसार सत्वप्राणीलाई शान्ति होस् ।)

# धम्मपद-१७६

**■ रीना तुलाधर** 'परियत्ति सद्धम्म कोविद'

**अक्कोधेन जिने कोधं - असाधुं साधुना जिने**
**जिने कदरियं दानेन - सच्चेन अलिकवादिनं**

अर्थ- क्रोधलाई अक्रोधले जित्नुपर्छ, दुष्कर्म गर्नेलाई असल कर्मले जित्नुपर्छ, कन्जुसलाई दानले जित्नुपर्छ, झुठावादीलाई सत्यवादी भएर जित्नुपर्छ। घटना-

उपरोक्त गाथा भगवान बुद्धले वेलुवन विहारमा बस्नु हुँदाखेरि उत्तरा नामक एक उपासिकाको कारणमा भन्नु भएको थियो।

उत्तरा राजगृहका पूर्ण नामक एक धनी दम्पत्तिकी छोरी थिइन्। उनको विवाह राजगृहकै अर्का धनी श्रेष्ठी सुमनको छोरोसँग भएको थियो। उत्तरा बुद्धका अनुयायी, श्रद्धालु दानी तथा बुद्धिमति थिइन्। उनको श्रीमान्पट्टिको परिवार भने अबौद्ध भएकोले श्रीमान्को घरमा उनी खुशि थिइनन्। उत्तराले आफ्ना पिता पूर्ण श्रेष्ठीकहाँ सन्देश पठाइन्- "पूज्य पिता, जबदेखि म यहाँ आएँ, बन्धनागारमा परेको जस्तै भएकी छु। न तथागतको दर्शन गर्न पाउँछु, न भिक्षु संघलाई दान दिने पुण्य कार्य गर्न पाईराखेकी छु। यो भन्दा त बरु मलाई दासी बनाएर घर बाट पठाउनु भएको भए बेश हुन्थ्यो।" छोरीको यो दु:खलाग्दो सन्देशले पूर्ण श्रेष्ठी ज्यादै दु:खी भए। अत: उसले पन्ध्र हजार कार्षापण (त्यो बेलाको मुद्राको एकाई) सँगै छोरीकहाँ सन्देश पठाए- "सिरिमा नामकी एक गणिका (वेश्या) छे। एकदिनको एकहजार लिने गर्छ। यो पैसाले १५ दिनको लागि सिरिमालाई बहालमा लिई तिम्रा पतिको सेवामा लगाईदिनु। तिमीले १५ दिनको लागि भएपनि पुण्य कार्य गर्न पाउनेछौ।"

उत्तराले आफ्ना पिताको सल्लाह बमोजिम १५ हजार तिरेर सिरिमालाई लिएर आई १५ दिनको लागि आफ्नो ठाउँमा छोड्निन्। उत्तरा ठूलो श्रद्धाले १५ दिन सम्म भिक्षु संघलाई दान दिने तथा धर्म उपदेश सुन्ने मौका पाएर खुशि भइन्। पन्ध्रौं दिनमा उत्तरा भोजनको प्रबन्धमा व्यस्त रहँदा रहँदै थाकेर बसी राखेकी थिइन्। उनको यो दशा देखेर उनका पतिले "मूर्ख आईमाई! जिन्दगीको मज्जा कसरी लिनुपर्छ भनेर थाहा छैन।" भनी मनमा लिई खिसि उडाएडर हाँसे। सिरिमालाई तिनी त्यसरी आफ्नी पत्नीलाई हेरेर हाँसेकोमा डाह लाग्यो। ऊ त अझै पनि आफ्नै पत्नीलाई मन पराउँदो रहेछ भनी सोचे। उसले आफू केहि दिनको लागि बहालमा आएको वेश्या हुँ भन्ने पनि बिर्से।

डाहले पिडित भएकी सिरिमाले भान्छामा गएर बेस्करि तताएर राखिएको घ्यूको भाँडो लिएर उत्तराको टाउकोमा खन्याइदिन्छु भनी अगाडि बढे। उनी त्यसरी आफूतिर आईराखेको देख्दा पनि उत्तराले रत्तिभर द्वेष भाव राखिनन् बरु उनी प्रति कृतज्ञभाव मनमा लिइन्- "सिरिमा १५ दिनको लागि आईदिएकोले मैले भिक्षु संघलाई दान दिन पाएँ, धर्म उपदेश सुन्न पाएँ।" डाहले चूर सिरिमाले उत्तरामाथि तातो घ्यू खन्याई हालिन्। तर उत्तराले उनीप्रति मैत्री भाव राख्दै गरेको मैत्री बलले गर्दा तातो घ्यू पनि शीतल पानी जस्तै भएर उत्तरालाई अलिकति पनि पोलेन।

सिरिमाले फेरि पनि तातो घ्यू पोखाई दिन लागेको बेला अरु दासीहरूले देखेर सिरिमालाई बेस्करी पिटे। उत्तराले दासीहरूलाई रोके। सिरिमाको जिउमा तेल मालिस गरेर नुहाई पनि दिए। उत्तराको मैत्रीभावले मन पग्लेपछि सिरिमाले उनीसँग क्षमा मागे। उत्तराले भनिन्- "मसँग होइन, तथागतसँग क्षमा माग्नु।"

भोलिपल्ट सिरिमालाई भगवान बुद्धसँग भेट्ने प्रबन्ध मिलाएर भगवान बुद्धलाई भोजन दान पनि दिन लगाए। भोजन दानपछि भगवानको पाउमा ढोगी रूदै सिरिमाले क्षमा मागिन्। अघिल्लो दिनमा भएको कुरा सबै बताइन्। सबै कुरा सुन्नु भएपछि भगवान बुद्धले उत्तरासँग सोध्नु भयो- "जब सिरिमाले तिमीमाथि तातो घ्यू खन्याइन् तब तिम्रो मनमा कस्तो लाग्यो?" उत्तराले भनिन्- "भो शास्ता! सिरिमाले ममाथि गुण गरेको छ। त्यसैले मैले उनीप्रति कुनै द्वेष भाव राखिन। मैले उनी प्रति मैत्रीभाव राखें।"

भगवान बुद्धले उत्तराको प्रशंसा गर्दै भन्नु भयो- "साधु! साधु!! उत्तरा यसरी नै क्रोधलाई अक्रोधले जित्नुपर्छ। दुष्कर्म गर्नेलाई असल कर्मले, कन्जुसलाई दानले, झुठावादीलाई सत्य वचनले जित्नुपर्छ।" यसरी धर्म उपदेश दिनु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो। ■



Downloaded from http://www.dhamma.digital

# जगत् भ्रम होइन, सत्य हो

■ डा. गणेश माली

अचेल हाम्रो समाजमा एउटा नकारात्मक शोच पनि चलेकोछ, जस अनुसार यो जगत् जस्मा हामी छौं, केवल सपना जस्तै मात्र हो, दुइदिनको भ्रम हो। यस प्रकार को गलत धारणा फैलाउनमा शून्यवादी बौद्ध दर्शन र अद्वैत वादी हिन्दू दर्शनहरूले प्रमुख भूमिका खेलेका छन्।

भगवान् बुद्धले जगत्लाई अनित्य, दु:खमय र अनात्मिक बतलाए- जहाँ जति छन्– परिवर्तन धर्मा छन्, हाम्रो आसक्ति र तृष्णाको कारण यहाँको जीवन दु:खमय छ, यस जग्तमा न आफू भन्ने नै केही छ न आफ्नो भन्ने नै केही छ, जुन वास्तवमा हो पनि र जसलाई आधुनिक विज्ञान र मनोविज्ञानले पुष्टि पनि गरेको छ, तर वहाँले यस जग्तलाई भ्रम वा सपना जस्तो कहिल्यै भन्नु भएन। यसप्रकारको दु:खमय जग्तमा पनि एउटा निर्वाणको स्थिति सम्भव छ, जहाँ आसक्ति र तृष्णा रहित भएर मान्छेहरू जिउन सक्छन्, जहाँ संसारको दु:खले मान्छेलाई छुँदैन, न त अनित्यताले नै पिरोल्छ। स्वयं आफ्नै अनुभवबाट र वहाँ पछिका निर्वाण प्राप्त अर्हत्हरूको अनुभवबाट यो तथ्य प्रमाणित भएको छ।

तर बुद्ध पछिका सन् २०० तिरका नागार्जुन र त्यसपछिका शून्यवादी बौद्ध दार्शनिकहरूले अनेक प्रकार का तर्क वितर्कहरू लगाएर जगत्लाई शून्यमय बनाइदिए भने उता हिन्दूधर्ममा अद्वैतवादी शंकराचार्य र त्यसपछिका अद्वैतवादी दार्शनिकहरूले जगत्लाई मायिक वा मिथ्या मायाजाल बताए र एउटा परिकाल्पनिक तत्व '**ब्रह्म**' लाई मात्र सत्य साबित गरे। "**ब्रह्म सत्यं जगन्मिथ्या**" भन्ने धारणा फैलाए।

अनित्य हुँदैमा नशून्य हुन्छ न भ्रम मात्रै। अचेलको विज्ञानले पनि अन्तिम विश्लेषणमा जगत्लाई केवल हर दम चंचल शक्तितरंगको जमघट मात्र मान्छन् तर वास्तविक जगत्को सत्यता र यहाँ लागू भैरहेका विज्ञानका नियमहरू वा सबै प्रकृतिका नियमहरूलाई आफ्नै ठाउँमा स्विकार्छन्। बुद्धले जस्तै वैज्ञानिक ज्ञानदर्शनले पनि भन्छ कि जगत्मा सबै अनित्यछ, आसक्तिको कारण दु:खमय छ र अनात्ममय छ, यहाँ अन्ततोगत्वा शक्ति तरंगहरू बाहेक केही देखिन्न। तर यस्को मतलव यो होइन कि हाम्रो संसार भ्रम वा माया जाल मात्र हो– केवल शून्य ब्रह्म वा निर्वाण मात्र सत्य हो।

यहाँ निर्वाणको स्थितिमा मान्छेहरू रहनसक्छन्, तर उनीहरूको लागि पनि संसार स्वप्न मात्र हुँदैन सत्यनै हुन्छ। कोही भन्छन्– भूतकालमा जति थिए ती अब छैनन्, भविष्यत कालमा जति हुनेछन् ती पनि अहिले छैनन् र वर्तमान अत्यन्त क्षणिक छ छैन बराबर छ। वास्तवमा यहाँ भूत भएरै वर्तमान भएको हो र जति सुकै क्षणिक भए तापनि, वर्तमान भएरै भविष्य पनि हुन्छ। यी तिनै कालमा जति भएर गए, जति हुँदैछन् र जति हुनेछन् सवै नै सत्यमा नै भएकाछन्, काल्पनिक छैनन्।

यो जगत् अनित्य अवश्य हो तर भ्रम होइन सत्य नै हो, र पदार्थ शक्तिमा हुने खास नियमहरू अनुसार (जसलाई वैज्ञानिकहरूले पत्तालगाइ सकेकाछन् र लगाउँदैछन्) नै यहाँ परिवर्तनहरू भैरहेका छन्। यसैकारणले यहाँ सत्यता छ, व्यवहारिक सत्यता पनि छ, र परमार्थिक सत्यता पनि।

यो परिवर्तनधर्मा अनित्यता जुन्छ त्यसैलाई बौद्ध, हिन्दू वा अन्य धर्महरूले पनि आफ्नो दर्शनहरूको केन्द्र विन्दु बनाएका छन्। अनित्यताको कारणनै सवै दुखरुप भए अनात्म भए भने अद्वैतवादीहरूको लागि भ्रममय पनि भए। शून्यवादीहरूको लागि शून्य पनि भए। तर पनि अनित्यतालाई भ्रम र शून्य सम्म लैजानु एक प्रकारको अविवाद हो जसले गर्दा समाजमा धेरै भ्रमहरू फैलिनसक्छ।

यही शून्यवाद लाई आधार बनाएर पछिका तन्त्रयान मन्त्रयान आदि बौद्ध दर्शनहरूले जो संसार हो सोहि निर्वाण हो पनि भने, जस्ले गर्दा स्वेच्छाचारी प्रवृत्तिको पनि विकास भयो, उता मायिक भनिएको संसारमा अति सिद्ध हरूले अघोर वृत्ति पनि अपनाए, अतिदृढयोग पनि अपनाए, केवल उही परिकल्पनिक शून्य वा ब्रह्मनै एकमात्र सत्य भनी संसार प्रति अन्यमनस्कता वा वेवास्ता पनि अपनाए। अनित्य माया मयी संसारमा केवल आत्मा मात्र अमर र परमात्मा नै अमर भनी, न कसैले कसैलाई मारेर मर्छ, आदि सिद्धान्तहरू निकालेर न्यायको लागि युद्धको पनि समर्थन गरे, यद्यपि यस अन्धोदुनियामा कुन न्याय हो र कुन अन्याय, त्यस्को कुनै निश्चित मापदण्डको अभावमा जो बलियो छ, र धनवान, छ ऐश्वर्यशाली छ, उसैको पक्षमा न्याय शक्ति गरिने परि पाटी छ। दुर्वल गरीव र निर्धनहरू मूर्ख मात्रै होइन अन्यायी पनि कहलाएर गएका छन्। यसप्रकारको अतिवादी शोचकोकारण भगवान् बुद्धको मैत्री करुणा मुदिता उपेक्षा युक्त ब्रह्म विहार र "**नहि वेरेन वेरानि सम्मन्तीध कुदाचनमं, अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो**" भन्ने शाश्वत चिन्तन ओझेलमा परेको छ।

वास्तवमा यो जगत् जस्मा हामी छौं, मिथ्या र काल्पनिक होइन, सत्यता पूर्ण छ, र यहाँ मान्छेहरूमा हुने पाशविक प्रवृत्तिहरूको कारण जुन् अन्याय, अत्याचार भ्रष्टाचार दमन शोषण आदि भैरहेकाछन्, त्यसको विरोधमा धर्महरूले वुलन्द आवाज उठाई मान्छेहरूमा मनो कान्तिमात्र होइन सामाजिक स्थितिमा पनि सुधार, ल्याउनु नितान्त आवश्यक भैरहेकोछ, हृदय परिवर्तन गर्न र गराउन आवश्यक भैरहेको छ । हतियारको आधारमा होइन, वैचारिक परिवर्तनको आधारमा हामीले व्यक्ति र समाजमा सुधार ल्याउनु छ, किनकि यो जगत् काल्पनिक होइन शून्य सरी होइन यो वास्तविक जगत् अनित्य अवश्य हो, तर असत्य अवश्य पनि होइन र हाम्रो जेजतिछ, यस जगतमै छ ।

आधुनिक युगको वैज्ञानिक ज्ञानले हामीलाई यस जगत् वारे जुन् सत्यताहरू सामू ल्याएको छ, त्यसलाई हामीले बुझी यथार्थतालाई स्विकार्न परेको छ । संसारको दुखलाई हामीले यथार्थ स्वरूपमा बुझ्नु परेको छ, र त्यसबाट भागेर होइन, त्यसमाथि हतियार प्रयोग गरेर होइन किन्तु प्रज्ञाको प्रयोग, यथार्थज्ञानको प्रयोग गरी दुखमाथि विजय पाउनु छ, यही मार विजयको एकमात्र उपाय हो । **"जयं वेरं पसवति, दुक्खं सेति पराजितो"** बुद्ध भन्नुहुन्छ, यस जय पराजय, वैर अवैर को घेरालाई तोड्न हामीले वैचारिक परिवर्तनल्याई यस पाशविक प्रवृत्ति युक्त दुनियाँ लाई मानवीय प्रवृत्तियुक्त बनाई बदल्नु परेको छ ।

यस्को लागि हामीले आफ्नो प्रज्ञाचक्षुको शील समाधि आदि साधनद्वारा विकास गर्नु छ, र यसरी क्रमश: आफ्नो शरीर तथा मनलाई विशुद्ध क्लेश सहित, आसक्ति रहित बनाएरैमात्र यसप्रकारको दृष्टि प्राप्त गर्न सकिन्छ ।

छोटकरीमा र अलिकति समय र शक्ति खर्च गरेर तंत्रमंत्रको बलले निर्वाणलाई तुरुन्त हासिल गर्ने कुनै उपाय छैन । यसरी निर्वाण संभव छ भनी झूठ मूठको विश्वासमा लागेर केवल तंत्रमंत्रको प्रयोग गरेर जानू अत्यन्त जोखिम पूर्ण हुन्छ र हामी सजिलै संग हाम्रो स्वभाविक आसक्ति सहितको तृष्णा युक्त संसारमा फेरि फेरि जकडिएर जान सकिन्छ । ■

## शान्तिको शुभ-का[illegible]

वैरभावले वैरभाव शान्त हुँदैन [illegible]

मैत्री भावले वैरभाव शान्त हुन्छ ।

-भगवान बुद्ध

[illegible]

■ सरोज [illegible]

## [illegible]

मेत्ता सेन्टर बाल आश्रम [illegible]लाई श्रद्धालु दाताहरूको तर्फबाट निरन्तर [illegible] प्राप्त भइरहेको कारणले यस आश्रमलाई [illegible] हौसला बढिरहेको छ । चन्दाद्वारा नै यस आश्रम संचालन भैरहेको जानकारी प्राप्त भएको छ ।

यसरी नै यसपाली आश्रमलाई [illegible] दिने दाताहरूको नामावली यसरी रहेको छ।

| दाताको नाम | [illegible] विवरण |
|---|---|
| १. हिमालयन बाल बालिकाको लागि युवा सेवा संघ नेपाल | रु. [illegible],०००।- |
| (एकजना बालिको लागि १ बर्षको लागि [illegible] खर्च ।) | |
| २. धर्मचन्द्र शाक्य | रु. [illegible],००।- |
| ३. भक्त श्रेष्ठ | रु. २,००।- |
| ४. हेरादेवी शाक्य, बौद्ध | रु. [illegible],०००।- |
| ५. मोति काजी तुलाधर परिवार ज्याठा, ठमेल | रु. [illegible],०००।- |
| र (भिक्षु अश्वघोष प्रमुख सबै बालिकाहरू [illegible]लाई एक एकथान स्वीटर दान ।) | |
| ६. स्मृति तुलाधर, [illegible] | रु. [illegible]०००।- |
| ७. [illegible], ललितपुर | |
| जन्मदिनको उपलक्ष्यमा भिक्षु संघ प्रमुख [illegible]कुटी बाल आश्रमका बालिकाहरूलाई भोजन दान । | |





Downloaded from http://www.dhamma.digital

# बि.एल.आइ.ए. का सदस्यहरूलाई एक पत्र – २

## बुद्धज्योति अन्तर्राष्ट्रिय संघलाई

■ श्रद्धेय गुरु सिङ युन
■ अनु. देवकाजी शाक्य

### अन्तर्राष्ट्रियकरण

विश्वका सबै संस्कृतिहरू र समाजहरूलाई अँगालोमा हाल्न समर्थ बन्न बि.एल.आइ.ए. का सदस्यहरूको रूपमा हामीले फराकिलो विशाल चित्त र स्वभावलाई आफूमा स्थापित गर्नुपर्छ। सारा विश्व हाम्रो घर हो सबै मानिसहरू एक हुन् भन्ने नै बि.एल.आइ.ए. को दर्शन हो। यसको लागि अरूलाई मद्दत गर्न हामीले जे गर्न सक्छौं गरेर हाम्रो हृदयलाई पूर्ण रूपमा खुल्ला राख्न जरुरी छ।

धर्मलाई पूर्ण रूपमा फलदायक बनाउन हामीहरूले पुस्तकहरू र पत्रपत्रिकाहरूलाई प्रकाशसनमा ल्याउनुपर्दछ, आवश्यक कुराहरू सिकाउनु र त्यसअनुरूप कार्यहरू पनि गर्नुपर्दछ। बि.एल.आइ.ए. का सदस्यहरूले जाति, राष्ट्रियता, धर्म, रंग, रूप, उमेर र लिङ्गका आधारमा कसैलाई भेदभाव गर्नु हुँदैन। जहाँसुकै भए पनि हामीले अरूलाई मद्दत गर्न र धर्म प्रचार गर्न हाम्रा आफ्ना शक्तिहरू र ऊर्जाहरू खर्च गर्नुपर्छ।

बज्रच्छेदिकाप्रज्ञापारमिता सूत्रमा बुद्ध भन्नुहुन्छ, "जुनसुकै तारिकाद्वारा- अण्डज, स्वेतज, जरायुज वा औपपादक, प्रक्रियाद्वारा जन्म भएका सबै प्राणीहरूको म रक्षा गर्दछु। कसैलाई नछुट्टचाई म तिनीहरू सबैलाई निरुपाधिशेष निर्वाणसमम पुऱ्याउँछु। कसैलाई पनि बाँकी नछाडी सबै प्राणीहरूलाई म बचाउनेछु।

यस भनाइद्वारा हामी बुझ्दछौं, बुद्धले आफू र अरूमा कुनै विभेद देख्नुभएन। हामीले अरूलाई मद्दत गर्दा आफूलाई नै मद्दत गरिरहेका हुन्छौं। अरूलाई मद्दत गर्नुको अर्थ उनीरूलाई भौतिक रूपमा मद्दत गर्नु मात्र होइन। बुद्ध धर्मबारे बोध गराउन मद्दत गर्नु निकै महत्त्वपूर्ण कुरा हो, किनभने बुद्ध धर्मको अभ्यासद्वारा नै तिनीहरूले आफैंलाई नै मद्दत गरिरहेका हुन्छन्। बुद्ध धर्मले उनीहरूलाई निर्वाणसम्म डोऱ्याउँछ। यही प्रकाशन र शिक्षणको माध्यमद्वारा धर्मको प्रचारप्रसार गर्न हामी पूर्ण रूपमा जुट्न सकेको खण्डमा यो लक्ष्य प्राप्त हुनेछ।

यस्ता सांस्कृतिक कार्यकलापहरूद्वारा विश्वका विभिन्न भागमा धर्म फैलाउन र यत्रतत्र सबैतिरका मानिसहरूलाई धर्मबारे शिक्षित गर्ने हामी प्रभावशाली साधन वा कारकतत्त्व बन्न सक्छौं। सूत्रहरूका धेरै श्लोकहरूले भौतिक दान वा उदारताका हजारौं कार्यहरू भन्दा धर्म प्रचारप्रसारको एउटा सिंगो कार्यले धेरै पुण्य प्रदान गर्दछ भन्ने कुरा बताउँछन्। करुणा र प्रचार प्रसारले अनगिन्ती प्राणीहरूलाई अज्ञानताको खतराबाट बचाउनेछन् र तिनीरूले यस संसारमा जताततै सर्वकालिक प्रभाव छाड्नेछन्।

यी सबै कारणहरूका लागि स्थापना (जन्म) भएदेखि विपत र प्रकोप उद्धार कार्यक्रमहरूमा मात्र नभई धेरै अन्तर्राष्ट्रिय क्रियाकलापहरू जस्तै युवाहरूका लागि शिविर, अन्तर्राष्ट्रिय सद्भावना भ्रमण, अन्तर्राष्ट्रिय अध्ययन समूह, विश्व बौद्ध परीक्षा, अन्तर्राष्ट्रिय सांस्कृतिक आदानप्रदान कार्यक्रमहरूमा बि.एल.आइ.ए. सक्रिय हुँदै आएका छन्। यस्ता क्रियाकलापहरूका साथ बि.एल.आइ.ए.ले बौद्ध अध्ययनका लागि छात्रवृत्तिहरू प्रदान गर्दछ। यसले जेन बौद्ध विनयहरू पूरा प्रकाशन गरेको छ। ५१ वटा भागमा ती विनयहरूका प्रतिलिपिहरू विश्वका पुस्तकालयहरू र व्यक्तिहरूलाई बाँडिएका छन्।

*सारांशमा बि.एल.आइ.ए. का निर्दिष्ट सिद्धान्त-हरूलाई यसरी लेख्न सकिन्छ :*

१. बुद्धका उपदेशहरूमाथि आस्था तथा विश्वास, त्रिरत्नप्रति श्रद्धाभाव र सबै चेतनशील प्राणीहरूको असलका निमित्त धर्म प्रचार गर्ने सदिच्छाका आधारमा बि.एल.आइ.ए. स्थापना भएको हो।

२. यो संसारमा सुखावती भूवन स्थापना गर्न खोज्ने जीवन्त वा जीवित धर्मको रूपमा बुद्ध धर्मलाई बि.एल.आइ.ए.का सदस्यहरूका हैसियतले हामीले वकालत गर्नुपर्छ। हाम्रो काम यस संसारमा धर्म प्रचार गर्नु हो र यस संसारको असलका लागि करुणाको अभ्यास गर्नु हो।

३. हामीले बि.एल.आइ.ए. का सदस्यहरूको रूपमा बुद्धले सिकाउनुभएको अभ्यासलाई सम्मान गर्नुपर्छ। शील, समाधि र प्रज्ञा यी तीनै ज्ञानलाई अभ्यास-द्वारा हाम्रो चरित्रलाई पूर्ण रूपमा विकास गर्नुपर्छ।

४. बि.एल.आइ.ए.का सदस्यहरूको रूपमा, विश्वका सबै संस्कृतिहरू र समाजहरूलाई अँगालोमा बाँधी फराकिलो चित्तका चरित्रहरूलाई हामीहरूले आफूमा समाविष्ट वा स्थापित गर्नुपर्छ। हामीहरूले सदासर्वदा आफ्ना हृदयहरूलाई पूर्ण रूपमा खुल्ला राख्नुपर्छ र अरूहरूलाई जति सक्छौं त्यति मद्दत गर्नुपर्छ। ■ *(साभार- बुद्धज्योति युग)* क्रमशः

जातक कथा

# लालची सुगा

■ केदार शाक्य



समुद्रको किनारमा एउटा ठूलो पर्वत थियो । त्यसको गुफामा थुप्रै सुगाहरू बस्ने गर्दथे । हजारौं सुगाहरूले मिलेर आफ्नो जातिको रक्षागर्न एकजना सुयोग्य सुगालाई राजा चुनेका थिए । राजा सुगा निकै बुद्धिमान र ज्ञानी थिए । उनको अर्ति उपदेशले सुगाहरूलाई कुनै दु:ख थिएन । सबैलाई सुख शान्ति थियो । राजारानीका एउटै मात्र छोरा थिए । जवानीमा ऊ निकै बलवान थियो ।

समय बित्दै गएपछि राजारानी पनि बूढा भए । उमेर ढल्कँदै गएपछि आँखा कमजोर भयो । वरपरका बस्तुहरू पनि देख्न सकेनन् । जवानीमा सुगाहरूको आँखा निकै तेजिलो हुन्छ । तर, बूढा भएपछि आँखा नै पहिले कमजोर हुँदोरहेछ । राजा कमजोर भएपछि आफू केही गर्न नसक्ने भए । उनी सबै सुगाहरूलाई बेलाबेलामा अर्ति उपदेश दिने गर्थे । चारा खोज्न टाढा गए पनि बेला छँदै फर्कनू । आफूलाई पेट भर्न जति चाहिन्छ त्यति मात्र खानू । अपचहुने गरी नखानु । भोजनको मात्रा थाहा पाईराख्नुपर्छ । अपच हुने गरी धेरै खाने बानी राम्रो हैन भनेर राजाले सबैलाई यसरी सम्झाई रहन्थे ।



राजाका छोराले बूढी आमा बाबुलाई गुँढमा नै राखेर बाहिरबाट दिनहुँ चारा ल्याएरखुवाउँथ्यो । राजारानी पनि छोराको सेवाबाट सन्तुष्ट थिए । एकदिन चारा खोज्नजाँदा सुगाले पर्वतमाथि उड्दा उड्दै समुद्रलाई चारैतिर राम्रोसँग नियाल्यो । उसले समुद्रको बीचमा एउटा हरियो टापु देख्यो । त्यहाँ थुप्रै फलफूल थिए । सुनौलो रङ्गको आँप फलिरहेको देखेर उसलाई साह्रै लोभ लाग्यो ।

भोलिपल्ट चारा खोज्न ऊ त्यही टापुको आँप बगैंचामा गयो । आँपको रस अघाउञ्जेल खायो । पाकेको रसिलो मीठो आँप ल्याएर आमाबाबुलाई पनि दियो । राजाले आँप खाएर रस लिएपछि कहाँको आँप भन्ने चिनिहाले । छोरासित सोधनी गरे– "छोरा, के यो आँप त्यही अमुक टापुको हो ?"

उत्तरमा सुगाले भन्यो– "हो, बुवाज्यू ! यो त्यही समुद्र बीचको टापुको बगैंचामा फलेको आँप हो ।"


छोरा, त्यो समुद्री टापुमा जानेको आयु लामो हुँदैन । त्यसैले तिमी पनि त्यो टापुमा अबदेखि नजाऊ ।" राजाले भने ।

सुगाले बाबुको कुरा मानेन । ऊ पटक पटक टापुमा गईरह्यो ।

एकदिन सुगा सदाझैं टापुमा आँपको रस खान गयो । उसको मनमा लालच उत्पन्न भयो । पहिले भन्दा पनि बढी आँपको रस पेटै टन्न हुनेगरी खायो । गुँढमा फर्कने बेलामा समुद्रको निकै माथिबाट उडेर आउँदा आउँदै ऊ निकै थाकिसकेको थियो । आफूलाई चाहिनेभन्दा बढी रस एकैपटक खाने लोभले गर्दा उसलाई



Downloaded from http://www.dhamma.digital



आकाशमाथि उड्दा उड्दै निद्रा लाग्यो। निद्राकै सुरमा ऊ आकाशमा उडिरहेको थियो। त्यही बेला आमाबाबुलाई भनेर चुच्चाले च्यापेर ल्याउँदै गरेको आँप तल समुद्रमा खस्यो। सधैँ आउने बाटो पनि भुल्यो। ऊ तलतल उड्दै थियो। यत्तिकैमा ऊ गहिरो समुद्रमा खस्यो। अथाहा पानीमा डुब्यो। माथि आउनै सकेन।

समुद्रको पानीमा डुबेको सुगालाई माछाले देख्यो। माछाले उसलाई पक्रेर आफ्नो आहारा बनाएर खायो।

उता सुगाको बाबुआमा अबेरसम्म पनि छोरा नआएपछि पिरले छट्पटिए। बुढाबुढीले आपसमा कुरा गर्दै भने पक्कै पनि आज अनर्थ भएको हुनुपर्छ। नत्र त यति बेला आइसक्थ्यो। बाबुआमाको मनमा चिसो पस्यो। बाबु चाहिं बुद्धिमान थियो। अनुमान लगाउँदै भन्यो। हाम्रो छोरा पक्कै पनि आपदमा पऱ्यो होला। विपत्ती आई लाग्यो होला। समुद्रमा खस्यो होला। उसलाई माछाले खायो होला भन्ने चिन्ता गर्दागर्दै आहारा नपाएपछि भोकले छट्पटिंदै बिहानपख उनीहरू पनि मरे।

जबसम्म त्यो पंछी आफ्नो लागि भोजनको मात्रा थाहा पाउँथ्यो। त्यसबेलासम्म जीवन मार्ग पनि ठीकसँग चलिरहेको थियो। आमाबाबुको पालन-पोषण पनि राम्रोसँग भईरहेको थियो। जब ऊ आफ्नो हैसियतभन्दा बढी लालची भयो। चाहिने भन्दा बढी भोजन गऱ्यो। तब ऊ समुद्रमा डुबेर मऱ्यो।

खाने बेलामा बढी लोभ नगरी भोजनको ठीक मात्रा थाहा पाउनुपर्छ भन्ने कुरा सुगालाई उसका बाबुआमाले बारम्बार भन्ने गरेको थियो तर सुगाले बाबुआमाको कुरालाई पटक्कै ध्यान दिएन। त्यसो हुनाले बिनसित्तिमा नै उसको ज्यान गयो। आफ्नो भोजनको मात्रा जान्नेहरू कहिले पनि सुगा मरेजस्तो मर्दैनन्। लोभमा डुब्दैनन्। लालचीहरू मात्र मीठो भोजन देखेपछि त्यसैमा ज्यान फाल्दछन्। ■

## राजगृहया महत्व

■ हेराकाजी सुईका

१. सिद्धार्थ कुमारं गृहत्याग यानाः भिक्षा बिज्याःबले बिम्बिसार जुजु नाप लाःगु थाय् - राजगृह।

२. सिद्धार्थ कुमारं भिक्षा कया बिज्याःगु भोजन ज्वनाः पाण्डव पर्वतया किवले फ्यतुनाः भोजन भपिया बिज्याःगु थाय् - राजगृह।

३. उपतिस्स व कोलित निम्ह ब्राह्मणपिं जन्म जूगु भूमि - राजगृह।

४. पौष मिला पुन्हीया दिं बुद्ध न्हापां गमन याना बिज्याःगु नगर - राजगृह।

५. अस्सजि भन्ते नं उपतिस्स परिव्राजकयात **"ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह तेसञ्च यो निरोधो एवंवादी महासमणो'ति"** धकाः थःगुरु बुद्धया शिक्षा विश्लेषण यासे बसपोल गुरुया वर्णन याना बिज्याःगु थाय् - राजगृह।

६. बुद्धं शारीपुत्र भन्ते व मौद्गल्यायन भन्तेयात अग्रश्रावक पद बिया बिज्याःगु थाय् - राजगृह।

७. बिम्बिसार जुजुया पाखें बुद्धं न्हापां वेणुवन विहार दान कयाबिज्याःगु थाय् - राजगृह।

८. अनाथपिण्डिक महाजनं बुद्धयात न्हापां नापलानाः दर्शन यानाबिज्याःगु थाय् - राजगृह।

९. भगवान बुद्ध दोछिम्ह जटिल भिक्षुपिन्त ल्यूल्यू तया बिज्याःगु नगर - राजगृह।

१०. प्रथम संगायन जूगु थाय् - राजगृह।

# महिलाहरूप्रतिको बुद्धको दृष्टिकोण तथा चाहना

■ आनन्द प्रधान

"आनन्द ! यदि महिलाहरू प्रव्रजित नहुँदो हो त मेरो शासन हजार बर्ष सम्म चल्नेथ्यो । तर अब पाँच सय बर्ष मात्र चल्नेछ ।" यो अभिव्यक्ति ई.पू. १४५ तिर रचिएका प्रसिद्ध प्राचीन बुद्ध धर्म ग्रन्थहरू मध्येका एक मानिंदै आएको 'मिलिन्द-प्रश्न' नामक हिन्दी संस्करणको ग्रन्थबाट उदधृत गरिएको हो ।

अभिव्यक्तिमा बुद्धले धार्मिक उपदेश तथा ज्ञानहरूले भरिएको सारगर्भित धर्मको आयु तोक्नु पर्ने अवस्था आइ पर्नुमा भिक्षु तथा भिक्षुणीहरू जिम्मेवार रहेको ठहऱ्याउनु भएको पाइन्छ ।

लोकको हितलाई ध्यानमा राखेर प्रतिपादन गर्नु भएको सत्यमा आधारित धर्म चिरकाल सम्म चलेर जानु पर्नेमा भिक्षुहरू मात्र भए हजार बर्ष सम्म चल्ने र महिलाहरू धर्ममा प्रव्रजित भएपछि धर्मको आयु आधै घटेर पाँच सय बर्ष मात्र चल्नेछ भनेर अधिबाटै बुद्धले भविष्यवाणी गर्नुले भिक्षु तथा भिक्षुणीहरू बुद्ध, धर्म तथा संघप्रति उत्तरदायी भएर बुद्धनीति अनुरूप चल्नु पर्ने तथा धर्म प्रचार प्रसार तथा उत्थान कार्यमा सक्दो योगदान दिनु पर्नेमा त्यसरी गम्भीरतापूर्वक लिन नसकेको तथा सक्रिय भएर अहम भूमिका खेल्न नसकेकोले संघमा असहज परिस्थिति श्रृजना हुन गै धर्मको आयु तोक्नु पर्ने अवस्था आइ परेको संकेत पाइन्छ । दोश्रो कुरा अभिव्यक्तिको आशय अनुसार पुरुषहरू उत्तरदायित्व वहन गर्ने कुरामा महिलाहरू भन्दा बढी सक्षम र सबल छ भन्ने कुरा देखाउनुका साथै महिलाहरूलाई दोश्रो श्रेणीको नागरिकको रूपमा राखेको पाइन्छ । यस किसिमको दृष्टिकोण जनमानसमा आजसम्म पनि व्याप्त छ ।

दोश्रो कुरा 'हावा नआइ पात कहिल्यै पनि हल्लदैन' भन्ने मान्यतालाई स्वीकार गर्ने हो भने संघमा निश्चयपनि केही असामाजिक तत्वहरूले बुद्धको नाम, यश र कीर्ति सर्वत्र फैलिएको देख्न, सुन्न र सहन नसकेर संघमा भिक्षुको भेषमा प्रवेश गरेर असजिलो परिस्थिति श्रृजना गरेको त थिएन भनेर शंका उपशंका उठाउने काम गरिए तापनि यस बारे अभिव्यक्ति मौन रहनु र त्यस्तो स्पष्ट प्रमाण दिन सक्ने अरु बुद्ध वाङ्मयहरू फेला नपर्नुले यही कारणले असहज परिस्थिति श्रृजना हुन गएको रहेछ भनेर किटेर भन्न सकिने अवस्था भने छैन । बरु खुशीको कुरो के हो भने बुद्धले धर्मको आयु तोकेर दिनु भएको पाँच सय बर्षको समय ई. पू. २८ बाट नै असत्य प्रमाणित भैसकेको छ । लोपोन्मुख हुनुको सट्टा धर्मले उल्टै लोकप्रियता तथा निरन्तरता पाएकोमा बुद्ध तथा बुद्धधर्ममा अगाध आस्था, गहिरो श्रद्धा, भक्ति तथा विश्वास राख्नु हुने सम्पूर्ण आदरणीय भिक्षु-भिक्षुणीहरू उपासक उपासिकाहरू तथा अनुयायीहरू गौरवान्वित तथा लाभान्वित हुन पुगेका छन् ।

**महिलाहरूप्रतिको दृष्टिकोण**

ई.पू. ५२८ मा बुद्धले बोधी ज्ञान प्राप्त गर्नु भएपछि त्यही सालबाट धार्मिक ज्ञान प्रचार-प्रसार गर्ने उद्देश्यले पुरुष बर्गलाई व्यक्तिगतरूपमा, समूहमा तथा सामुदायिकरूपमा भिक्षु बनाउने र संघमा लिने कामको सूत्रपात गर्नु भएको पाइन्छ भने ज्ञान प्राप्त गर्नु भएको तेश्रो बर्षावासपछि ई.पू. ५२५ तिर बिहार, भागलपुर शहरका महासेठ मेण्डककी सात बर्षीया नातिनी विशाखालाई मात्र सर्वप्रथम उपासिका सम्म बनाएको प्रमाण पाइन्छ । तर त्यस अवधि सम्म कुनै पनि महिला-लाई उपासिका वा भिक्षुणी बनाएको प्रमाण भेटिंदैन ।

राजकाज चलाउने राजाका उत्तराधिकारीहरू जति बुद्ध धर्म ग्रहण गरेर संघमा प्रवेश गरेपछि र राजा शुद्धोधनको पनि देहान्त भएपछि मुमा बडामहारानी प्रजापति गौतमीले बुद्ध कपिलवस्तु आउनु हुँदा आफू धर्ममा प्रव्रजित हुने कुरो उठाउँदा बुद्धले आमालाई हुन्छ भनेर वचन दिन नसक्नुले महिलाहरूप्रति बुद्धको दृष्टिकोण त्यति राम्रो थिएन कि भनेर शंका उपशंका उठनु स्वभाविक नै हो । तर स्पष्ट प्रमाणको अभावमा बुद्धलाई उनीहरूप्रतिको दृष्टिकोण संकीर्ण थियो भनेर लाञ्छना लगाउन सकिने त्यस्तो कुनै आधार भने भेटिंदैन । बरु उनीहरूप्रतिको दृष्टिकोण राम्रो थियो भनेर प्रमाण जुटाउने प्रयास गर्दा एउटा घटनालाई यहाँ प्रस्तुत गर्न सकिन्छ । त्यो के हो भने धर्म प्रचार-प्रसारको थालनी भएको तीन बर्ष बित्न नपाउँदै संघमा इ.पू. ५२५ सम्ममा असहज परिस्थिति श्रृजना भैसकेको अनुमान हुन्छ । फलस्वरूप बुद्धले त्यस्तो अप्ठचारो परिस्थितिमा आमाको ईच्छा र चाहना राम्रो र सही भएर पनि धर्ममा प्रव्रजित गराउन उचित ठान्नु भएन ।

जब ई.पू. ५२३ सम्ममा संघमा परिस्थिति सहज भयो, शान्ति स्थापना भयो तब बैशालीमा बर्षावासमा रहनु हुँदा त्यही साल मुमा प्रजापति गौतमी सदलबल त्यहाँ पुगेर बुद्धलाई भेट्नु भै धर्ममा दीक्षित हुने कुरो पुनः उठाउँदा र भिक्षु आनन्दले पनि आमाको धर्मप्रतिको झुकाव र पवित्र भावनाको कदर र उच्च सम्मान गर्दै महिलाहरूलाई पनि धर्ममा प्रवेश दिनका निमित्त बुद्धलाई आग्रह गर्नु हुँदा त्यो पटक कठोर नियम पालना गर्ने शर्तमा आमालाई धार्मिक विधि विधान अनुरूप प्रव्रज्या गराउनु भयो र संघमा लिनु भयो ।

बुद्धकालीन समयमा अहिलेको जस्तो विकास भएको थिएन । एउटा अन्धकार जगत थियो । सर्वत्र राज प्रथा



Downloaded from http://www.dhamma.digital

थियो । हुकुमी शासन चल्दथ्यो । मुखैमा कानून थियो । जनता निरीह प्राणी जस्ता थिए । समाज कुसंस्कारले आच्छन्न थियो ।

त्यस्तो समयमा धार्मिक सामाजिक चेतना जगाउन धर्मोपदेश तथा शीलपालनाको माध्यम मनोबल उच्च बनाउन तथा सुख र शान्तिपूर्वक जीवन निर्वाह गर्ने उपाय बताउन धर्ममा दीक्षित भिक्षुणीहरूको खाँचो थियो । किनकि दीक्षित महिलाहरूद्वारा संचालन गरिएको धार्मिक सेवा कार्यले समाजमा सजिलैसित र राम्रोसित प्रभाव पार्न सक्छ भन्ने कुरामा बुद्ध बिश्वस्त हुनु हुन्थ्यो । अब एकपछि अर्को गर्दै राजपरिवारका महिला सदस्यहरूदेखि लिएर सबै क्षेत्रका, सबै वर्गका, सबै तहका महिलाहरूलाई पुरुष सरह निसंकोचसित कुनै किसिमको भेदभाव नराखी धर्ममा प्रवेश दिनु भै उच्च सम्मान गर्नु भयो, आफ्नो धर्मको आर्दशलाई उचाइ दिनु भयो; गरिमा र महिमा बढाउनु भयो । यसरी धर्मको औचित्य माथि प्रकाश पारेर देखाइदिनु भयो ।

धर्ममा प्रव्रजित महिलाहरूले पनि बुद्ध नीति अनुरूप चलेर, सदाचारी बने, धैर्य र संयम अपनाएर बुद्ध धर्मको विशिष्ट श्रेणीको पद 'अर्हत' पद प्राप्त गर्न सफल भए । कुसंस्कारले ग्रस्त समाजमा महिलाहरूको धर्ममा प्रवेश र त्यस किसिमको सफलता त्यो बेलाको एउटा नारी जागृति तथा मुक्तिको क्रान्ति थियो । त्यो समानताको आवाज थियो । समाजमा व्याप्त रुढीबूढीवादी जन धारणामा सुधार ल्याउन सबैको कल्याणको कामना गर्दै धर्मको माध्यम पुरुष सरह महिलाहरूलाई धर्ममा उच्च स्थान दिनु कदर र सम्मान गर्नु भएको प्रमाण बुद्ध धर्ममा जस्तो अन्य धर्महरूमा पाइँदैन ।

बुद्धले धर्म प्रचार प्रसारको माध्यम त्यो बेलामा दक्षिण एशियामा, एउटा धार्मिक सामाजिक क्रान्तिको लहर ल्याउनु भएको थियो जसको प्रभाव दक्षिण पूर्व एशियामा समेत पर्न गयो । अत: बुद्धको यस किसिमको सामाजिक धार्मिक चेतना जगाउने बुद्धिमत्तापूर्ण कार्य उदाहरणीय मात्र होइन अनुकरणीय पनि छ भनेर मुक्त कण्ठले प्रशंसा नगरी बसी रहन सकिन्न । वास्तवमा भन्ने हो भने बुद्ध आफ्नो समयको एक धर्म प्रवर्तक मात्र नभएर स्वयम सेवक तथा वर्तमान युगका एक धार्मिक क्रान्तिकारी योद्धा पनि थिए भन्दा अतिशयोक्ति हुन जाने छैन ।

**वर्तमान समाजको दृष्टिकोण र कर्तव्य**

एकाइसौं शताब्दिको पूर्वार्द्धकालमा प्रवेश गरी सकेको अवस्थामा पनि समाजमा नारीहरूप्रति हेरिने दृष्टिकोण र गरिने व्यवहारमा असमानता देखिनुको पछाडी सामाजिक परम्परागत धारणा, पुरुष प्रधान समाजको आधिपत्यता तथा हेपाहा प्रवृति कायमै रहनु, कुल जनसंख्याको आधा भाग ओगट्ने महिलाहरूको अहम भूमिकाको उपेक्षा गरिनु, नैतिक शिक्षाको अभाव खटकनु तथा पृथक रुपमा महिला शिक्षा तथा महिला विकास कार्यक्रममा जोड नदिनु आदि नै मुख्य हुन् ।

बुद्धको आँखाको माध्यमबाट हेर्दा र चिन्तन मनन गर्दा लैंगिक भेदभाव, जातिय भेदभाव, असमानता, एकतामा अनेकता, तथा अन्धविश्वास विकासका बाधक हुन् । कुनै पनि किसिमको भेदभाव हटाउन, असमानताको अन्त्य गर्न, अन्धविश्वास कुरीतिलाई निर्मुल पार्न, अनेकतामा एकता ल्याउन, बन्धुत्वको भावना जगाउन, परम्परामा समन्वय र सामञ्जस्यता ल्याउन, तथा सहयोगी भावनाको विकास गर्न एक मात्र सशक्त माध्यम वा साधन नैतिक शिक्षा तथा स्वावलम्बी शिक्षाको व्यापकता नै हो ।

शिक्षा नै उन्नतिको मुहान हो भन्ने कुरा आजका समाजले राम्ररी बुझी सकेका छन् । पुरुष सरह महिलाहरू पनि शिक्षा आर्जनमा अगाड़ी बढेको पाइनु निश्चय पनि विकासको द्योतक हो । शिक्षित घर परिवार तथा समाजमा, खानपान, रहन सहन कार्यशैली तथा जीवनशैलीमा पहिले पहिलेको तुलनामा धेरै परिवर्तन आएको साथै सुधार पनि भएको छ ।

राष्ट्रले सर्वाङ्गीण विकासको परिकल्पना गर्दा र विकास कार्यक्रम कार्यान्वयन गर्दा नारी र पुरुष दुवै थरीको प्रतिभा र शक्तिलाई रचनात्मक तथा उपलब्धिमूलक कार्यमा परिचालन गर्न आवश्यक छ ।

पुरुष सरह महिलाहरूलाई शैक्षिक योग्यता, ज्ञान र सीप, अनुभव तथा अभिरूचीको आधारमा कुनै किसिमको भेदभाव नराखी कुनै पनि क्षेत्रमा सेवा गर्ने अवसर प्रदान गर्नु भनेको विकासको गतिलाई अगाडी बढाउनु हो, तीब्र बनाउनु हो, राष्ट्रलाई समृद्धिशाली बनाउनु हो तथा दीगो शान्ति स्थापना गर्नु हो ।

लोकको हित चिताएर मंगलकारी कार्य गर्नु नै धर्मको मूलभूत उद्देश्य हो । यसैमा कल्याण छ, यसैमा शान्ति छ । बुद्धले ईच्छा गर्नु भएको पनि यस्तै हो, चाहनु भएको पनि यस्तै हो । ■


***सन्दर्भ ग्रन्थ श्रोत***

*१. धर्मकीर्ति पत्रिका - धर्मकीर्ति पत्रिकाका विभिन्न अङ्कहरू*

*२. श्री प्रकाश वज्राचार्य - बुद्ध र बुद्धपछि, प्रथम संस्करण, वि.सं. २०४८*

*३. भिक्षु श्री जगदीश काश्यप, एम.ए. - 'मिलिन्द-प्रश्न' हिन्दी दोस्रो संस्करण, धर्मोदय सभा*

*४. रामजी दास जेटिया लेन, कलकत्ता - ७ ई.सन् १९५१*

# समयको मूल्य

■ मोतीलाल यादव

समय भनेको बेला वा अवसर हो। यहाँ समयको मूल्य भनेर समयको महत्त्वलाई लिएको छ। समयको महत्त्व नचिनेर र यसको उपयोगिता नबुझेर धेरै जसो मानिसलाई समय सस्तो भइरहेको हुन्छ। कहिले कहीं के सुन्नमा आउँछ भने फलानो व्यक्ति दिन काट्नको लागि विदेश घुम्न गएको छ। अथवा यो पनि सुनिन्छ कि दिन काटछ्न् दुई चार जना बसेर तास वा थर्की खेल्ने गरिन्छ। यसरी विना काममा विदेश घुमेर वा तास जुवामा अल्मलेर आफ्नो सीमित समयलाई व्यर्थमा खेर फाल्नु कहाँ सम्मको बुद्धिमानी हो, विचारणीय कुरा छ। बगेको खोला बितेको समय फर्केर आउँदैन भन्ने उक्ति त प्रसिद्धै छ। जुन समय व्यर्थमा बिताइयो वा निरर्थक खेल वहाडमा गुमाइयो त्यही समय अर्बौं खर्च गरे पनि फर्काउन सकिने हुँदैन। चोरीको धन पाउन सकिएला, बिर्सेको विद्या फेरी आउन सक्ला तर बितेको समय चाहिं लाख कोसिस गरे पनि ल्याउन सकिंदैन। यस स्थितिमा समयको के मूल्य रहेछ र यसको उपयोगिता के रहेछ भन्ने कुरा स्वत: छर्लङ्गिन्छ। जसले आफ्नो समयलाई पक्रेर उपयोग गर्न सक्छ त्यसैले समयको मूल्य चिनेको हुन्छ।

कतिपय व्यक्ति यति अल्छि हुन्छन् उनीहरूलाई राम्रा काम गर्न समय नै मिल्दैन भन्ने गुनासो सुनिन्छ। हरेक दिन सालाखाला चौबिस घण्टाको समय सबैलाई प्राप्त हुन्छ। यसै बिच हरेक व्यक्तिले खानपान विश्राम र नित्यक्रिया गर्नु पर्ने हुन्छ। यस भित्र पनि समय निकालेर कलाकार उत्कृष्ट कलाकृति दिन्छ साहित्यकार नयाँ-नयाँ रचनाको आविष्कार गर्छ र समाजसेवी समाजकै हक हितका लागि प्रयत्नशील रहन्छ। तर निरुद्यमी व्यक्ति भने आफ्नै भाग्यलाई सरापेर व्यर्थमा दिन काटीरहेको हुन्छ।

हुन पनि सज्जनको त्यही समय काव्य र शास्त्रको अध्ययन वा रचना गरेर बितिरहेको हुन्छ। जुनसमय मूर्खहरूले निदाएर, कलह गरेर वा जुवा तास आदि खराब काम गरेर बिताइ रहेका हुन्छन्। जसले आफ्नो आयुको जति समय रचनात्मक कार्यमा बितायो त्यति समय नै उसको सफल भयो। यहाँ कवि मोतीराम भट्टका जीवनको समयको अवधिलाई चर्चामा ल्याउनु प्रासङ्गिक हुन आउँछ। जम्मा तीस वर्ष बाँच्ने मोतीरामले बाल्यकाल पछि धेरै समय पाएनन् तापनि नेपाली साहित्यको माध्यमिक कालिन श्रृंगारधारालाई एकै नेतृत्व मात्र गरेनन् अमूल्य कृति पनि दिए। त्यसैले उद्यमीलाई धेरै समय चाहिंदैन, थोरै समयमा पनि उलें चर्तिकला देखाएर छोड्छ। त्यसो हुनाले बुद्धिमानहरू समयलाई सुन वा रत्न सँग दाँज्न पुग्छन्। तर बहुमूल्य सम्पत्ति भन्दा पनि समयको मूल्य बढी छ। यसरी हरेक मानिसले समयलाई पंछाएर बेलैमा गरिहाल्नु पर्छ। पछि गएर बितेको समयबारे पछुताउनु सिवाय अरू केही बाँकी रहदैन।

समयका तीन प्रमुख अङ्गछन्- भूत, वर्तमान, भविष्य। भूतकाल भनेको बितेको समय हो र त्यसमा कसैको वस चल्दैन जे भयो भयो र सकियो पनि। भविष्यको समय पनि आउने समय हो र त्यसका लागि योजना बनाउन सकिएला तर कार्यान्वयनकालागि वर्तमान मै परिणत हुनु पर्ने हुन्छ। वर्तमान समय भने मानिसको आफ्नो समय हो र यही नै सर्वोत्तम र सर्वाधिक मूल्यवान समय हो। त्यसैलाई पक्रेर उसले राम्रो काम गरिहाल्नु पर्छ। ■

## देह र म

■ लुमनि शाक्य तानसेन

यो देहलाई 'म' ले किन छोड्दैन
हरेक पल, हरेक क्षण
किन देहसँग मात्तिरहेछ
किन देहसँग जलिरहेछ
यो देहले मलाई तानिरहेछ
या 'म' ले देहलाई तानिरहेछ
एउटा असफल प्रयास
देहलाई 'म' बाट छुटाउने
तर, अनेक कष्टका बावजुद पनि
सँगसगै
जलिरहेछ, मात्तिरहेछ
मात्तिरहेछ, जलिरहेछ



Downloaded from http://www.dhamma.digital

# योगाभ्यास विधि - ५

■ डा. गोपाल प्रधान
*रेकी एवं योगा शिक्षक,* रेकी वैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं ।

गत अंकमा हामीले तपाईहरूलाई नाडी सोधन प्राणायम गर्ने विधि बारे जानकारी गराएका थियौं । यस अङ्कमा भ्रामरी प्राणायाम बारे जानकारी गराउन लागेका छौं ।

**भ्रामरी प्राणायाम:**

यो प्राणायाम भँवराले जस्तै आवाज निकालेर गरिने हुँदायस प्राणायामलाई भ्रामरी प्राणायाम भनिन्छ ।

(क) कुनै पनि आसनमा बसौं । (सुखासन, सिद्धासन, स्वस्तिकासन, पद्मासन वा सजीलो गरे पलेंठी मारेर बसौं)

(ख) दुवै हात ज्ञान मुद्रामा राखौं । (ज्ञान मुद्रा अर्थात बुढि औंला र चोर औंलाको टुप्पालाई एक आपसमा जोड्नें, दुवै हात घुँडा माथि राख्ने, मेरुदण्ड सिधा राख्ने)

(ग) सारा ध्यान तेश्रो नेत्रमा (निधार) केन्द्रित गर्ने ।

(घ) भ्रामरी प्राणायाम गर्न अगाव दाँतको तल्लो माथिल्लो भाग एक आपसमा हल्का जोड्ने, ओंठ हल्का बन्दगर्ने नाकबाट लामो स्वास भित्र तान्ने (लिने) स्वास एक छिन भित्र रोक्ने तत्पश्चात भँवराले जस्तै आवाज निकालेर सम्पूर्ण स्वास विस्तारै बाहिर निस्काशन गर्ने । यो प्राणायाम दिनको एक पल्टमा २/३ मिनेट देखि शुरु गरी विस्तारै विस्तारै समय अवधि बढाउँदै दैनिक ५।१० मिनेट सम्म गर्न सकिन्छ ।

**लाभहरू:**

- मानसिक तनाव हटाउँदछ ।
- अनिन्द्रा अटाउँछ ।
- घाँटि, छाति सम्वन्धी रोग लाग्न दिँदैन ।
- उच्च रक्तचाप नियन्त्रण गर्दछ ।
- स्मरण शक्ति वृद्धि गर्दछ ।

## हाँस्नु (हाँस्यासन)

नियमित ५/१० मिनेट दिनको २/३ पटक हाँस्नु भनेको नै शारीरिक रुपले र मानसिक रुपले स्वस्थ एवं तन्दुरुस्त रहनु हो ।

संसारमा प्रत्येक मानवजातिलाई प्रकृतिले अनेक प्रकारका अलौकिक गुण उपहार स्वरुप प्रदान गरेका छन्, ती मध्ये एक गुण हो । दिल खोलेर हाँस्नु । यो गुण प्रकृतिले मानव जातिलाई मात्र प्रदान गरेको छ । पशु, पंक्षी जनावर आदिलाई यस्तो गुण प्रदान गरेको पाइएको छैन तर पनि संसारका मानव जातिहरू यस गुणलाई परिचालन गर्न हिचकिचाउँछन् र त्यस्ता व्यक्तिहरू तनाव ग्रसित भई विभिन्न रोगका शिकार बन्दछन् । के त्यस्ता व्यक्तिलाई प्रकृतिले यो गुण प्रदान गरेको छैन ? अवश्य प्रदान गरेको छ, यदि संसारका सम्पूर्ण मावन जातिले सानो प्रयास गऱ्यो भने यो गुणलाई परिचालन गर्न सक्दछ । जस्तै आपत विपत वा दु:खको समयमा पनि खुशी रहनु वा हाँसिरहन सक्नु नै यस गुणको प्रमुख उद्देश्य हो । जब हामी दु:खित हुन्छौं त्यस समयमा हाम्रो रोग प्रतिरोधात्मक शक्ति ह्रास हुँदै जान्छ । जब हामी हाँस्छौ वा खुशी हुन्छौं त्यस अवस्थामा हाम्रो रोग प्रतिरोधात्मक शक्ति बढ्न थाल्दछ । "तपाई हाँस्नुस् संसार हाँस्दछ, तपाईं दु:खित हुनुस् संसार दु:खित हुन्छ" । यसै कारण सदैव हाँस्ने, खुशी रहने व्यक्तिहरू मानसिक तनावबाट ग्रसित हुँदैन । उच्च रक्तचाप, हृदय रोग, पेट सम्बन्धी रोग, कब्जियत एवं मनोकायिक रोग लाग्दैन । अनुहार चम्किलो रहन्छ । तपाई पनि सदैव नियमित हाँस्नु होस् र उपरोक्त समस्याको निदान एवं नियन्त्रण गरी दिर्घायु एवं सुस्वास्थ्य हुनु होस् यहि नै हाम्रो कामना छ ।

क्रमश: ...

*नोट : योगा ध्यान साधना बारे बढी जानकारी चाहनु हुन्छ वा हामीलाई तपाईंको अमूल्य सुझाव वा जानकारी दिन चाहनुहुन्छ भने कृपया हामीलाई सम्पर्क गर्न अनुरोध गर्दछौं । फोन: ४२२४०८५ ।*
*धन्यवाद ।*

**"जुन गर्छौ हो त्यही नै गर । जुन गर्ने होइन त्यो भन्नु पनि हुँदैन । नगर्ने कुरा भनेर मात्र हिंड्नेलाई पण्डितहरूले चिन्दछ ।"**

**- बुद्ध वचन**

# पहिले आफू व्यवस्थित हुनुपर्छ

■ नरेन्द्रनाथ भट्टराई

अर्ती उपदेश दिने मानिस एक मात्र खोज्नु सयौं मिल्छन् । खोज्दै नखोजी चुप लागेर बसेको देखे भने घर घरमै आएर पनि अर्ती दिन थाल्दछन् । बूढापाका मात्र होइनन् बच्चाले पनि मौका पायो कि उपदेश दिन थाल्दछ । आजका प्रायश: मानिस स्वयं आफू आफ्नो घर र आफ्ना जहान परिवार अव्यवस्थित छन् तर तिनै मानिस देश सुधार गर्ने, समाज सुधार गर्ने बारेमा भाषण प्रवचन गर्ने, त्यस्तो संस्थाको महत्त्वपूर्ण पद ओगटेर बस्ने तथा अन्तर्राष्ट्रिय समस्या हल गर्ने जस्ता समेत अनेक कुरा लेखेर बोलेर प्रतिष्ठित बन्न पुगेका छन् ।

एकजना समाजसेवी, परोपकारी, विद्वान् प्रतिष्ठित व्यक्तिले धेरै प्रयत्न र परिश्रम गर्दा पनि समाजमा, देशमा, व्यवस्था मिलाउन नसकेर हैरान हुँदै सन्तकहाँ गएर यस्तो प्रश्न गरे, 'म अहिले ७० बर्ष पुग्न लागिसकें, समाजशास्त्र, धर्मशास्त्र र मनोविज्ञानमा स्नातकोत्तर छु । ३० वर्षको उमेरदेखि म समाज सुधारको, मानव कल्याणको, देश सेवाको कार्यमा हरबखत व्यस्त छु । स्वदेशमा मात्र होइन विदेशहरूमा समेत मेरो प्रतिष्ठा छ तर मेरो सबै परिश्रम निरर्थक भइरहेछ म के गरूँ ?' प्रश्न सुन्दा हाँस्दै सन्तले भन्नुभयो, 'हेर बाबू ! तिमी स्वयं असफल व्यक्ति भएकोले सबैतिर असफलता मात्र पाउँछौ, तिमी स्वयं अशान्त छौ भने तिमीले अरूलाई कसरी शान्ति दिन सकौला ! समाजको, देशको, विश्वको फिक्री छोड । पहिले आफ्नो फिक्री गर आफूलाई चिन, आफूलाई सुधार । सबभन्दा महत्त्व कुरा तिमी आँफैं हौ । यसैलाई ध्यान दियौ भने अरू समस्या स्वत: समाधान हुन्छन् । यति भनेर सन्तले ती समाजसेवीलाई एउटा अन्धकार कोठाभित्र लैजानुभयो र भन्नुभयो, 'लौ त बाबू ! यो कोठा सफा गर र यहाँभित्रका मालसामान राम्ररी मिलाएर राख !' आश्चर्य मान्दै समाजसेवीले भने, 'अँध्यारोमा कसरी सफा गर्ने । अनि कसरी भित्रका सामानहरू व्यवस्थित पार्ने !' के गर्नुपर्‍यो त कोठा सफा गर्न र व्यवस्था मिलाउन ? भनी सन्तले सोध्नुहुँदा ती मानिसले भने, 'या त बत्ती बाल्नुपर्‍यो या त झ्याल खोलेर प्रकाश कोठामा पार्नुपर्‍यो अनि मात्र काम गर्न सकिन्छ ।' महात्माले बन्द झ्याल खोलिदिनुभयो, कोठा झलमल्ल भयो । कहाँ के छ, कहाँ के मिलाउनु रहेछ सबै देखियो अनि ती मानिस व्यवस्था मिलाउन अघि सरे । तब सन्तले 'भैगो ल हिंड अब जाऔं, यो त तिमीलाई मैले दृष्टान्त देखाइदिएको मात्र हुँ । हेर ! जसरी अन्धकार कोठामा सफा गर्न र त्यहाँ मालसामान व्यवस्थित पार्न सकिन्न त्यसको लागि पहिले झ्याल खोल्नुपर्दछ, त्यसै गरी सर्वप्रथम ज्ञानरूपी झ्याल खोल्नुपर्दछ र आफूलाई चिनेर आफैंलाई सुधार गर्नुपर्छ । तब मात्र अरूको सुधार गर्न सकिन्छ ।' ■

> **(१) मनको स्वभावनै चञ्चलता हो, मन रहिन्जेल चञ्चलता हट्दैन । मनको कारण अज्ञानता हो; अज्ञानता रहिन्जेल मन हट्दैन । अज्ञानताको कारण हाम्रो संस्कार, धारणा र मान्यता हुन् । सच्चा ज्ञानद्वारा धारणा हट्ने बित्तिकै अज्ञान नष्ट हुन्छ । अज्ञान हट्ने बित्तिकै मन र चञ्चलता गायब हुन्छ ।**
>
> **(२) उपवास भनेको भोकै बस्नु होइन भोकै बस्नु र भूक हडताल गर्नु एकै हो । उपवासको सच्चा अर्थ हो आत्मासँग अर्थात् सत्यमा रहेको अवस्था हो ।**
>
> साभार- परमात्माको दर्शन (चिन्तनधारा)

● धर्मप्रचार ● समाचार

## प्रीति भोजन दान

३ पौष, २०६१ ।

स्थान- बनेपा ध्यानकुटी विहार ।

भिक्षु अश्वघोष महास्थविरको स्वास्थ्यलाभ भएको उपलक्ष्यमा युवा बौद्ध समूह परिवारद्वारा भिक्षुसंघ प्रमुख बाल आश्रम परिवारलाई प्रीति भोजन दान गरेको समाचार छ । उक्त अवसरमा उक्त समूहबाट बाल आश्रमका बालिकाहरूलाई कापि कलम र खेलकुदका सामानहरू पनि प्रदान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# सद्धर्मको कार्य–१

■ भीमराव रामजी आंवेडकर
■ अनु. ललितरत्न शाक्य

**(१) मनलाई निर्मल पार्नु :–**

१. एक बखत भगवान् बुद्ध श्रावस्तीमा विहार गरिरहनु भएको थियो। कोशल नरेश प्रसेनजित तथागत बसिराख्नु भएको ठाउँमा आए र रथबाट ओर्लेर अत्यन्त भक्तिभावसंग उहाँ समीप बस्न गए।

२. उनले तथागतसंग भोलिको निमित्त भोजनको निमन्त्रणा स्वीकार गर्न प्रार्थना गरे, साथै सोही दिन मानिसहरूले उहाँको दर्शन गर्न सकून् र उहाँको उपदेश सुनेर त्यसबाट लाभान्वित हुन सकून् भन्ने उद्देश्यले नगरमा सार्वजनिक धर्मोपदेश दिने प्रार्थना पनि गरे।

३. भगवान् बुद्धबाट प्रार्थना स्वीकार गर्नुभयो। भोलिपल्ट भिक्षु संघ सहित नगरमा प्रवेश गर्नुभयो र नगरको चौबाटाहरू पार गरेर पूर्वनिश्चित ठाउँमा पुगेर विराजमान हुनुभयो।

४. भोजनपछि खुल्ला चोकको सभामा प्रवचन दिन राजाले तथागतसंग प्रार्थना गर्नुभयो। त्यसबेला धेरै मानिसहरूले उहाँको प्रवचन सुनिरहेका थिए।

५. श्रोताहरू मध्ये दुईजना व्यापारीहरू पनि थिए।

६. एक व्यापारीले सोच्यो- यसप्रकार सार्वजनिक प्रवचन गराएर राजाले बडो बुद्धिमानीको काम गर्नु भयो। यो उपदेशहरू कति गहकिला र गहिरा छन्।

७. अर्को व्यापारीले पनि सोच्यो– 'यसरी यस मानिस-द्वारा यहाँ उपदेश गर्न लगाएर महाराजाले यो कस्तो मूर्खताको काम गरेको होला !'

८. माऊको पछाडि कराउँदै हिंडेको बाछोजस्तै यो बुद्ध पनि राजाको पछाडि लागिरहेको छ। दुबै व्यापारीहरू शहर छाडेर एउटा धर्मशालामा बस्न गए।

९. मद्यपान गर्ने बेलामा चातुर्महाराजिक देवताहरूले भलादमी व्यापारीलाई सतर्क राखेर संरक्षण प्रदान गरे।

१०. अर्कोलाई दुष्ट प्रेतात्माले नशा र निद्रामा बेहोस् नभएसम्म पिइरहने प्रेरणा दियो र धर्मशाला नजीकैको सडकमा लडिरह्यो।

११. अर्को दिन बिहानै व्यापारीरूको गाडी त्यहाँबाट बिदा हुँदा तिनीहरूले उसलाई सडकको बीचमा पल्टि-रहेको देखेनन्। ऊ गाडीको पाङ्ग्राले किचेर मऱ्यो।

१२. अर्को व्यापारी अर्कै देशमा पुग्यो। त्यहाँ पुगेपछि एउटा पवित्र घोडाले उसको अगाडी घुंडा टेकिदिएको परिणाम स्वरूप ऊ त्यस देशको राजा चुनियो र सिंहासनमा विराजमान भयो।

१३. त्यसपछि घटनाहरूको बिचित्रताप्रति विचार गर्दै आफ्नो देश फर्केर गयो। उसले मानिसलाई उपदेश दिने मनसाय राखेर भगवान् बुद्धलाई निमन्त्रणा गऱ्यो।

१४. त्यस अवसरमा तथागतले बुद्धिमान व्यापारी ऐश्वर्यशाली बनेको र दुष्ट व्यापारीको अकालमा मृत्यु भएको कुरा पनि सुनाइदिनु भयो। त्यसपछि तथागतले भन्नुभयो–

१५. "मन नै सबै कुराको मूल हो, मन नै मालिक हो, मन नै कारण हो।"

१६. "दुष्ट मन भएको मानिसले दुष्ट बोली बोल्छ र दुष्ट कार्य पनि गर्दछ। पापबाट उब्जेको दुःख मानिसको पछि यसरी लाग्छ, जसरी गाडीको पाङ्ग्रा गाडी तान्ने गोरुको पछि लाग्छ।"

१७. "मन नै सबै कुराको प्रारम्भ हो, मन नै शासक हो, मन नै निर्माण कर्ता हो।"

१८. "शुद्ध मन भएको मानिसले शुद्ध बोली बोल्दछ र असल कर्म गर्दछ। सुख यस्तो मानिसको पछाडि यस्तरी लाग्दछ जसरी कहिल्यै साथ नछोड्ने छायाँ जस्तो पछाडि लाग्दछ।"

१९. यस्तो प्रवचन सुनेपछि राजा र उसका मन्त्रीगण तथा अन्य अनगिन्ति मानिसहरूले धर्म-दीक्षा ग्रहण गरे र तथागतका अनण्य भक्तहरू बन्न पुगे। *क्रमशः ...*

*(साभारः भगवान बुद्ध र उहाँको धर्म)*

# बुद्धको स्वतन्त्र चिन्तन

■ भिक्षु अश्वघोष

गौतम बुद्धका धेरै विशेषता छन् । त्यस मध्येको एक विशेषता हो- स्वतन्त्र चिन्तन । मानव समाजको विकासको निमित्त स्वतन्त्र चिन्तन आवश्यक छ । संसारमा अरू कुनै पनि गुरुहरूले नदिएको स्वतन्त्र विचार गौतम बुद्धले आफ्ना अनुयायी श्रावक (शिष्य) हरूलाई दिनुभएको छ । यो वहाँको एउटा अतुलनीय गुण हो । बुद्धले अरुले जस्तो आफूलाई आफैले कहिल्यै सर्वज्ञ भन्नुभएन । वहाँले मैले भनेका सबै सत्य हुन्, अरुको असत्य हो भनेर कहिल्यै भन्नुभएन । अरु अरुका गुरुजन (शास्ता) हरुले त आफ्नै उपदेशलाई मात्र सत्य हो भनी विश्वास गऱ्यो भने मात्र दु:खबाट मुक्त हुन्छ, अन्यथा हुँदैन भन्ने गर्छन् । बुद्धले त मैले भनेको भनी आँखा चिम्लेर विश्वास गर्नु पर्दैन भनेर शिष्यहरूलाई उपदेश दिनु भएको कुरा अंगुत्तर निकायमा छ । त्यही कुरा स्पष्ट गर्नको लागि यहाँ केही अंश उद्धरण गरिएको छ ।

एक दिनको कुरो हो । गौतम बुद्ध भिक्षु संघसहित जिल्ला जिल्लामा बहुजन हितार्थ चारिका (भ्रमण) गर्न जानुभएको थियो । त्यस बेलामा शिष्यहरूले वहाँलाई नमस्कार गरी नजिकै एक छेउमा बसी आ-आफ्नो परिचय दिए । अनि कुशल वार्ता पश्चात् उनीहरूले बुद्धलाई भने– "भन्ते (स्वामी) कुनै कुनै श्रमण भनी यहाँ केशपुत्र गाउँमा आउँछन् । आफ्ना आफ्ना मत (धर्म) मात्र माथि पारेर कुरा गर्छन् । अरूहरूको मत (वाद) लाई खण्डन गर्छन् । अर्थात्, आफ्नो धर्म मात्र सत्य हो, अरुको असत्य । यसले हामीलाई शंका र भ्रम हुन्छ कि कसले भनेको कुरा सत्य हो, कसेले भनेको झूठा ।" त्यसपछि बुद्धले– "हे कालामहरू ! शंका गर्ने र हुने ठाउँमै शंका उत्पन्न भयो" भन्नुभयो ।

हे कालामहरू ! तिमीहरूले कसैको कुरा चाहे बुद्धको होस्, केवल यस्तो कारणमा स्वीकार नगर्नु भन्नुभयो–

१) कहिल्यै नसुनेको (अनुस्सवेन) २) परम्परागत (परम्पराय) ३) यस्तै नै भनी राखेको) (इतिकिराय) ४) हाम्रो धर्मग्रन्थमा मिल्दछ । (पिटक सम्पदानेन) ५) तर्कानुकूल (तक्कहेतु) ६) न्यायानुकूल (नयहेतु) ७) यस्को आकारप्रकार ठीक छ । (आकार परिवितक्केन) ८) यो हाम्रो विचार संग मिल्छ । (दिट्ठिविज्झानक्खन्तिया) ९) यो मानिस राम्रो छ । (भव्यरुपताय) १०) उपदेशक श्रमण हाम्रो पूज्य हो (समणो अम्हाकं गरुति)

हे कालामहरू ! जस्तो सुन चाँदी आगोमा पोलेर परीक्षा गरी हेरिन्छ, त्यस्तै जुनसुकै वा कसैको कुरा पनि आफ्नो स्वतन्त्र दिमागले जाँचेर नहेरेसम्म विश्वास नगर । आफ्नो दिमागरुपी तराजुमा तौलेर यो असल हो, भविष्यसम्म हित हुने हो । जीवनमा उपयोगी हुने हो । सधैंलाई मिल्ने र पालन गर्न सक्ने हो भनी बुझिन्छ भने मात्र स्वीकार गर । *(अंगुत्तर निकाय)*

एउटा अर्को पनि स्वतन्त्र चिन्तनको बारेमा गौतम बुद्धको विचार मज्झिम निकायमा समावेश भएको छ । जसको सारांश यहाँ उल्लेख गर्न चाहन्छु । गौतम बुद्धले आफ्ना शिष्यहरूलाई यस्तो पनि आज्ञा गर्नुभएको छ- मानिसले यही जीवनमा फल दिने हो, मरेपछि होइन । दु:खबाट मुक्त हुने भए पनि तिमीहरूलाई बोझ र कष्ट भए मन नपराई कुनै पनि कुरा ग्रहण गरी राख्नु पर्दैन । **"कुल्लुपमाहं भिक्खवे धम्मं देसेमि नित्थरत्थाय नोगहणाय ।"** अर्थात् मैले तिमीहरूलाई डुंगाको उपमा जस्तै धर्मउपदेश गरें । नदी पार भएर जानलाई डुंगाको सहायता चाहिन्छ । पार भैसकेपछि त्यो डुंगा बोकेर कोही पनि हिंड्दैन । *(मज्झिम निकाय)*

परिनिर्वाण हुने बेलामा गौतम बुद्धले भिक्षुहरूलाई भन्नुभयो- तिमीहरूको सहमति भए म नभएपछि स-सानो विनयनियम छोडे पनि हुन्छ । **"आकङ्खमानो आनन्द सङ्घो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खापदानि समूहनेय्यं"** (विनय पिटक- चुलवग्ग)

एवं प्रकारले आफ्ना अनुयायी श्रावकहरूलाई समयानुसार नीति हेरफेर गरेर लैजाने मौका दिनुभएकोले वहाँ कति स्वच्छ विचार र प्रजातन्त्रप्रेमी हुनुहुँदो रहेछ भन्ने कुरा देखिन्छ ।

यस प्रकार स्वतन्त्र चिन्तनलाई बुद्धले महत्वपूर्ण स्थान दिनु भएपनि विनय पिटकको नियम अनुसार सामाजिक परिवर्तनलाई ठाउँ दिनुभएन भन्ने कसै कसैको गुनासो हो । तर, यो विचार नपुगेको र नबुझेको कुरो भन्नमा अत्युक्ति नहोला । कसैले त्यस्तो किन भनेको भनी



Downloaded from http://www.dhamma.digital

बुझाउनको लागि केही उद्धरण गर्छु । "नभिक्खवे राजभटो पब्बाजेतब्बो" अर्थात् भिक्षुहरू ! राज्यका रक्षक सिपाहींलाई भिक्षु बनाउनु हुँदैन ।

**"नभिक्खवे दासो पब्बाजेतब्बो"** अर्थ- हे भिक्षुहरू ! दासलाई भिक्षु बनाउनु हुँदैन ।

**"नभिक्खवे इणयिको पब्बाजेतब्बो"** अर्थ- हे भिक्षुहरू ! ऋण भएकालाई भिक्षु बनाउनु हुदैन । (विनयपिटक महावग्ग)

यही नियम देखेर बुद्धले सामाजिक परिवर्तन गर्नलाई ठाउँ दिएन भन्नु सीमित बुद्धिको फल हो । अनुचित हो ।

गौतम बुद्धले स्थापना गर्नुभएको संघ नै समाज परिवर्तनको ज्वलन्त उदाहरण हो । त्यस्तो संघको संगठन त्योभन्दा अगाडि कसैले, कहीं स्थापना गरेको छैन । सबै अनित्य (परिवर्तनशील) अनात्मा भनी आज्ञा गर्नु हुने गौतम बुद्धको धर्ममा समाज पनि अनित्य भन्ने कुरा भित्रैको हुनुपर्दछ, परिवर्तन हुनै पर्दछ । त्यसो भएता पनि वहाँले तत्कालीन गलत धारणालाई बदल्नको लागि जति प्रयत्न गर्नुभयो, त्यति परिवर्तन गर्नलाई क्रियाशील हुनुभएन । किनकि त्यसबेलाको समाजलाई परिवर्तन गर्न अप्ठ्यारो भयो । बुद्धकालीन समाज दासहरूको श्रम शक्तिले पल्हाइरहेको समाज हो । त्यसैले तत्कालीन समाजलाई दास समाज अत्यावश्यक अङ्ग भइरह्यो । दासहरूको तर्फबाट मालिकलाई हुने भय नभइरहेको नै राज्य सेना र सिपाहींहरूले गर्दा भएको हो । देशको रक्षा भइरहेको पनि पल्टनले गर्दा हो । त्यसैले सिपाहींहरू पनि त्यसबेलाको समाजको अत्यावश्यक अङ्ग भइरह्यो ।

कोसल राजाका दुई चार जना सेनाहरू भागेर गई भिक्षु हुन पुगे । त्यो कुरा थाहा पाउने वित्तिकै सेनापतिले भिक्षुहरूलाई सारै नै निन्दा गरे । यो कुरा राजाले न्यायमन्त्रीसंग सोधे– "राज्य सैनिकहरूलाई भिक्षु बनाउनेलाई के दण्ड दिनुपर्छ ?" न्यायमन्त्रीले भने- "अनुशासन (शिक्षा) गर्ने कर्मवाचार्यको जिब्रो काट्नु पर्दछ । जुन संघसंग अनुमति लिएर भिक्षु बनेको हो, त्यो संघको करङ्ग टुक्रा टुक्रा पारेर भाँचिदिनु पर्दछ ।" तत्कालीन शासनको सेना अनुसार यदि गौतमबुद्धले केही गरी दास र सेनाहरूलाई पनि भिक्षु गर्ने अनुमति दिनुभएको भए सरकार र बुद्धको बीचमा संघर्ष हुन सम्भव थियो । दास र सैनिक गर्ने प्रव्रजित काम नरोकिएको भए त्यसबेलाका सत्ताधारी राजनीतिज्ञ र पूँजीपतिहरूले सबै संघहरूको करङ भाँची दिन्थे भनी भन्न सकिन्थ्यो ? यस्तो समाजमा शान्तिपूर्वक समाज परिवर्तन गर्नलाई स्थान छैन भन्नु आश्चर्यको कुरो होइन ।

तलको घटनालाई राम्रो विचार गरी हेर्दा आर्थिक परिस्थिति अनुसारले र ठाउँ हेरेर पनि जीवन परिवर्तन हुने, अनि साथै नियम पनि । यस कारण हामीले कल्पना गर्न सक्छौं कि व्यक्ति वा समाज नियमको लागि होइन, बरु नियम व्यक्ति र समाजको लागि हो । उदाहरणको लागि यौटा कुरा यहाँ उद्धरण गरिएको छ । एकपल्ट अवस्थानुकुल बढ्ता नै विनय (नियम) बनाउनुपर्दछ भन्ने सारिपुत्र महारथवीरको प्रार्थनालाई बुद्धले अस्वीकार गरी भन्नुभयो– "घाउ नभैकनै औषधी लगाउने ? कुनै कारण नभैकनै विनय नीति बनाउनु बुद्धिमानिता होइन । आवश्यकतानुसार मात्र नियम बनाउनु बेश हुन्छ । ■

*(साभार: 'दृष्टि' साप्ताहिक)*

# ध्यान

■ **राजीव बज्राचार्य**
*ल.पु.भिन्छेबहाल*

आँखामा पत्ति बाँधि संसार देखिदैन ।
ध्यान बिना शरीरमा रहेको आत्मा चिनिदैन् ।
ध्यानले गर्दा नै बुद्ध भए महान्
ध्यान नै हो महाविज्ञान्
ध्यानको महिमा अपरम्पार
बुद्धले बदलिदिए यो संसार
आऊ सबै मिली गरौं ध्यान
आत्मालाई चिन्ने एउटै मात्र माध्यम
ध्यानले गर्दा नै बुद्ध भए महान्
प्राप्त गरे बुद्धले महापरिनिर्वाण
बुद्ध पुरुष हुनलाई मात्र गर्नुपर्छ ध्यान्
ध्यान नै हो महाज्ञान विज्ञान्
बुद्धले बदलिगए यो संसार
ध्यान बिना कोही व्यक्ति हुँदैन् महान्
बुद्धत्व प्राप्त गरे बुद्धले गरेरै ध्यान
विश्वमै फैलाई गए आफूले पाएको ज्ञान्
ध्यानले गर्दा नै बुद्ध भए महान् ।

## ■ छलफल ■

■ मेघदूत

आयोजक– यस्तो जाडोयाममा पनि थुप्रै सहभागीहरूको उपस्थिती रहेको देखियो नि यस कार्यक्रममा । छलफल कार्यक्रमको उपलब्धि देखिएको यो खुशी र गौरबको कुरो हो । लौ त यहाँहरूको जिज्ञासा के रहेछ सुनिहालौं न ।

सहभागी– आज त हामीले नव प्रकाशित पुस्तक सम्यक संस्कारलाई लिएर आएका छौं । पुस्तकको नाम नै नौलो छ । अध्ययन गरी हेर्दा यस सम्यक संस्कार हामी जस्तो नेवार समाजलाई नपच्ने खालको देखियो । किनभने नेवारहरू आफ्नो परम्परा देखि चलि आएको संस्कार र सँस्कृतिलाई छोड्न तयार हुँदैनन् । नेवारहरू मात्र कहाँ हो र ? तामाङ्गहरूलाई पनि यस पुस्तकमा उल्लेखित कुराहरू पच्ने खालका छैनन् । यस पुस्तक अनुसार परम्परादेखि चलि आएका पुराना संस्कारहरू काम नलाग्ने देखिन्छन् । पुस्तकमा उल्लेखित ज्ञान अनुसार त चित्त शुद्ध गरी असल मानिस बन्न सके सुखी जीवन जिउन सफल हुने जस्तो लाग्छ । त्यसैले सँस्कार विषयमा सही ज्ञान बुझ्ने जिज्ञासा लिएर हामी आज यस कार्यक्रममा उपस्थित भएका छौं ।

अर्को कुरो पराभव सूत्रमा उल्लेखित प्रश्नलाई बुद्धले गाथाद्वारा दिनुभएको अर्थलाई विभिन्न पुस्तकमा विभिन्न तरिकाले प्रस्तुत गरिएको देखियो । यसले गर्दा हामी सही अर्थ बुझ्न नसकी अन्यौलमा परिरहेका छौं । उदाहरणको लागि भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट "परित्राणको व्याख्या" नामक पुस्तकमा उल्लेख गरिएको अर्थ, भिक्षु सुदर्शन महास्थविरले सम्पादन गंर्नुभएको महापरित्राण पुस्तकमा उल्लेख गरिएको अर्थ र सम्यक संस्कारमा उल्लेखित अर्थ अध्ययन गरिहेर्दा फरक फरक अर्थ पायौं ।

बुद्ध समक्ष यसरी प्रश्न सोधिएको रहेछ–

पतन्नोमुख पुरुषहरू पतन हुनुको मुख्य कारण के होला ?

**पराभन्तं पुरिसं मयं पुच्छाम गोतमं**
**भगवन्तं पुट्ठुभागम्म किं पराभवतो मुखं**

यसको संक्षिप्त अर्थ–

पतन हुनुको कारण सोध्न आएको छु भगवान्, भन्नुहोस् ।

बुद्धको उत्तर–

**सुविजानो भवं होति सुविजानो पराभवो**
**धम्मकामो भवं होति धम्मदेस्सी पराभवो**

सम्यक संस्कार पुस्तक अनुसार यसको अर्थ यसरी लेखिएको रहेछ–

"सुजानकार (विद्वान) व्यक्तिको उन्नति हुन्छ, सुजानकारको पतन पनि हुन्छ । धर्मप्रेमीको उन्नति हुन्छ । धर्म विरोधीको पतन हुन्छ ।"

यहाँ विद्वान व्यक्तिको पतन हुन्छ भन्नुको सही र सम्यक अर्थ के होला ? यस विषयमा बुझ्ने इच्छा रहेको छ हाम्रो विद्वान व्यक्ति पनि किन र कसरी पतन हुने होला ?

आयोजक– तपाईंहरूले त कामलाग्ने प्रश्न नै सोध्नुभयो नि । खुशी लाग्यो । के विद्वानहरूले मात्र गल्ति गर्न सक्दैनन् र ? यसमा छक्क पर्नुपर्ने त कुरै छैन नि । तर अन्य पुस्तकहरूमा पराभव सूत्रको अर्थलेख्ने व्यक्तिहरूको विचार अनुसार विद्वान व्यक्ति पतन नै हुँदैनन् जस्तो लाग्छ । पराभव सूत्रमा बुद्धको उत्तर विल्कुल सही र ठीक छ । किनभने अविवेकी र वेहोशी भइरहेका विद्वानहरूले झन् ठूलठूला गल्तीहरू गर्न पुगिरहेका हुन्छ । उनीहरूले समाजमा आफ्नो विद्वानको मुकुण्डो लगाउँदै घूस खाँदै ठग्न पछि पर्दैनन् । हामीले अखवारमा पढ्ने गर्छौं फलाना देशका प्रधानमन्त्री, मन्त्री, अर्थमन्त्री आदि भ्रष्टाचार गरेको आरोपमा थुनामा परेका छन्...आदि आदि । यसरी नै ठूलठूला भिक्षुहरू, धर्मगुरू शंकराचार्य जस्ता विद्वानवर्गहरू समेत भ्रष्टाचार, रकम हिनामिना एवं अन्य आरोपमा परी थुनामा परेको समाचार प्राप्त भइरहेका छन् । के उनीहरू अनपढ मोठाला हुन् र ? होइन उनीहरू त धुरन्धर विद्वानहरू नै हुन् । किन पतन भए त यी विद्वानहरू ? त्यसैले बुद्धले विद्वानहरू पनि पतन हुन्छन् भन्नुभएको कुरो साँचो अर्थमा निस्किएनन् त ?

आयोजक– यहाँहरूले सम्यक संस्कार अनुसार नेवारहरूको संस्कारमा परिवर्तन आउन सक्दैन भनी उठाउनु भएको कुरो ठीकै हो । किनभने परम्परावादीहरूले बुद्ध शिक्षा पचाउन सक्दैनन् । तर शुद्ध चेतना सहितका स्वतन्त्र चिन्तन भएका व्यक्तिहरूलाई त बुद्ध शिक्षा र सँस्कृति पच्न सक्छ नि । आफैले राम्ररी चिन्तन मनन गरेर बुझ्न सक्नुपर्ने बुद्ध शिक्षा र सँस्कृतिलाई साधारण मगजले बुझ्न त्यति सजिलो छैन ।

सहभागी– चित्त शुद्ध गरेर असल मानिस बन्नु नै बुद्धको शिक्षा एवं संस्कार र सँस्कृति रहेछ । बल्ल बुझ्यौं । हामीले चिताए जस्तै प्रश्नको उत्तर सुन्न पाएकोले खुशी लाग्यो । जय होस् यहाँहरूको । छलफल कार्यक्रम यसरी नै निरन्तर चलिरहोस् भन्ने कामना गर्दै लाग्छौं पनि हामी आज । हवस् त विदा । ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कार्यक्रम

*२०६१ पौष ३, स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।*
कक्षा संचालक- श्यामलाल चित्रकार ।
प्रस्तुती- विजय लक्ष्मी शाक्य ।

### अनित्य

यसदिन मीनबहादुर शाक्यले प्रवचन दिनुहुँदै भन्नुभयो– भगवान बुद्धले प्रतिपादन गर्नुभएको त्रिविद्या अनित्य, दुःख, अनात्म नै उहाँको सारभूत शिक्षा हुन् । यो सर्वप्रथम अनित्य भावनाबाट शुरु हुन्छ । यस अनित्य भावनालाई निरन्तरता दिन सकेमा मनुष्यको जीवन कल्याणमय हुनेछ ।

उदान वर्गमा भनिएको छ–

- Ending of every hoarding in spending.
  अर्थात्, जम्मा गरेको रकम खर्च गरिन्छ ।
- End of all rising is falling
  अर्थात्, उत्थान पछि पतन पनि हुने गर्छ ।
- End of every meetting is parting .
  अर्थात्, भेला भइसकेपछि छुटिनु पर्ने हुन्छ ।
- End of all living is dying
  अर्थात्, जन्मेपछि मरण हुनैपर्छ ।

इतिहासले बताउँछ, चाउचेस्कोको अकुशल कार्यले उनलाई फाँसीमा चढाइयो । विश्व युद्ध गर्ने हिटलर ६० लाख मानिस मारेर पछि जनताको अविश्वासको पात्र भएर आत्महत्या गरी मरे । अदालतले फाँसीको सजाँय दिएको मानिसको आयू दिनहुँ घटिरहे जस्तै, झरनाको पानीको तल झर्ने स्वभाव जस्तै, हानेको वाण निश्चित स्थानमा पुग्ने प्रवृत्ति जस्तै हाम्रो मरण पनि निश्चित छ ।

मृत्युपश्चात् कुशल वा अकुशल कर्मको फल बाहेक खाली हात जानुपर्ने हामीले आफ्नो बाँच्न पाउने बाँकी अवधि अनित्यताको बोध गर्दै मैत्री भावनाको अभ्यास गरी परहित कार्यमा आफ्नो धन, यौवन र शक्ति सदुपयोग गर्न सक्नुपर्दछ ।

***२०६१ पौष १०, धर्मकीर्ति विहार, श्रीघः नःघल ।***
कक्षा संचालक- श्यामलाल चित्रकार ।
प्रस्तुति- विजय लक्ष्मी शाक्य ।

### देवता संयुक्त नलवर्ग

यसदिन श्रद्धेय राहुल भन्तेको अनुपस्थितीको कारण श्रद्धेय इन्द्रावती गुरुमांले संयुक्त निकायको नलवर्ग अन्तरगतको **"ओघतरण सुत्त, निमोक्ख सुत्त र उपनीय सुत्त"** विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो–

एक पटक कुनै एक व्यक्तिले बुद्ध समक्ष ३ प्रश्नहरू यसरी सोधेका थिए

काम ओघ, भव ओघ, दृष्टि ओघ र अविद्या ओघबाट कसरी पार तर्न सकिन्छ ?

सत्वको निर्मोक्ष, विमोक्ष र विवेक कसरी हुन्छ ? निर्वाणको चाहना राख्ने व्यक्तिले के गर्नुपर्छ ?

यी प्रश्नहरूको उत्तर बुद्धले दिनुभएको थियो जसलाई संक्षिप्तमा यसरी अध्ययन गर्न सक्छौं ।

हामीले चतु आर्य सत्यलाई भित्री ज्ञानले बुझी आर्य अष्टाङ्गिक मार्गलाई आफ्नो आचरण र व्यवहारमा प्रयोग गर्न सकेको खण्डमा काम ओघ, भव ओघ, दृष्टि ओघ र अविद्या ओघलाई हटाउन सक्नेछौं ।

यसरी नै तृष्णा मूलक कर्म बन्धनलाई नष्ट गरी संज्ञा र विज्ञान दुबैलाई कम गर्दै लान सकेमा मानसिक शान्ति प्राप्त हुनेछ ।

हाम्रो बाँच्न पाउने समय अर्थात् आयू घट्दै गइरहेको छ भन्ने विषयमा हामीले होश पुऱ्याउन सकेमा, बुढाबुढी हुँदै आफू जीर्ण हुँदै गइरहेको छ भनी होश राख्न सकेमा र मानिसको जीवनमा मृत्यु सत्यलाई होश राख्न सकेमा निर्वाण अवस्था प्राप्त गर्न सकिनेछ ।

### अस्थाई बाल प्रव्रज्या शिविर

२०६१ पौष १६-२२ गते सम्म ।
स्थान- शुलक्षण कीर्ति विहार, चोभार ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा एकहप्ते अस्थायी बाल प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको छ । पौष १६ गते देखि २२ गते सम्म सञ्चालित उक्त कार्यक्रममा ८ देखि १५ वर्ष सम्मका २० जना बालक श्रामणेर प्रव्रज्या भएका छन् भने २१ जना बालिकाहरू ऋषिणी प्रव्रज्या भएका छन् । यसरी अर्का एकजना बालिका (अनगारिका) गुरुमांको रूपमा प्रव्रज्या भएकी छिन् । यो धर्मकीर्ति बौद्ध अधययन गोष्ठीको चौथो बाल प्रव्रज्या शिविर हो ।



नैतिक आचरण सम्बन्धि शिक्षाको साथसाथै ध्यान भावना समेत गराइएको उक्त शिविरमा बालबालिकालाई अष्टशील पालना गराई समय समयमा विभिन्न सृजनात्मक कार्यक्रमका साथै वक्तृत्वकला तथा उद्घोषण शीप पनि सिकाइएको कुरा बुझिएको छ । उक्त शिविर कार्यक्रमको संयोजकको रूपमा इन्दावती गुरुमां लगायत मीना तुलाधर रहनुभएको थियो ।

यस कार्यक्रमको विस्तृत विवरण अर्को अंकमा प्रस्तुत गरिनेछ ।

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

धर्मकीर्ति विहारमा महिनाको पाँच पटक (प्रत्येक महिनाको औंसी, पूर्णिमा, संक्रान्ति, कृष्णपक्ष अष्टमी र शुक्लपक्ष अष्टमी) बुद्ध पूजा र धर्मदेशना कार्यक्रम सम्पन्न हुँदै आइरहेका कुरा सर्वविदितै छ । गत मंसीर महिनाको औंसी देखि पौष महिनाको औंसी अवधि भरी यस विहारमा बुद्ध पूजा र धर्मदेशना कार्यक्रम यसरी संचालन भएको थियो–

| *मिति* | *बुद्ध पूजा* | *धर्मदेशना* |
|---|---|---|
| २०६१ मंसीर २७, औंसी | चमेली गुरुमां | श्रामणेर सुमनवंश |
| २०६१ पौष १ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६१ पौष ४ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६१ पौष ११ | अनुपमा गुरुमां | अनुपमा गुरुमां |
| २०६१ पौष १९ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६१ पौष २६ | चमेली गुरुमां | श्रामणेर शीमानन्द |

## सुनामि पिडितका लागि सहयोग

धर्मकीर्ति विहारका गुरुमांहरू लगायत, उपासकोपासिकाहरूको तर्फबाट सुनामि पिडितहरूका लागि लुगाफाटा एवं केही रकम सहयोगार्थ प्रदान गरिएको छ । सहयोगार्थ संकलित उक्त रकम र वस्तुहरू नागार्जुन बौद्ध अध्ययन संस्थाका निर्देशक मीनबहादुर शाक्यको तर्फबाट सम्बन्धित निकायमा पुऱ्याइने जानकारी प्राप्त भएको छ । ■

## बिचा: हायेका

### अनिच्चावत संखारा

**"रथया ल्यू ल्यू घ:चा वइ थें, जन्म लिसें वई मरण मनू ।**
**मृत्यु मयोसां छन्हुला सकलें, वनेमा वइथाय् शरण मनू ॥"**



*बुगु दिं :*
बि.सं. १९८२
कार्तिक १५ गते, शनिवार

*मदुगु दिं :*
बि.सं. २०६१
पुष ८ गते, बिहिवार

श्री शाक्यमुनि बौद्ध संघ टक्सार भोजपुरया छम्ह संस्थापक नापं भोजपुर टक्सार बौद्ध शाक्य समाज येंया थकाली का.म.न.पा. ७ सिफलय् च्वना बिज्याम्ह **हेम बहादुर शाक्य** ७९ दँ या वैंशय् मदुगु लत्याया पुण्य तिथिस: वसपोलयात निर्वाणया कामनायासें दु:खं क:पिं छें ज:पिन्सं अनित्य स्वभाव धर्मयात थ्वीके फयूमा धका: बिचा हायूका च्वना ।

**भोजपुर टक्सार बौद्ध शाक्य समाज**
**परिवार, यें ।**



Downloaded from http://www.dhamma.digital

## दुई वयोवृद्ध भिक्षुहरूको देहावसान

भिक्षु महापन्थको मिति २०६१ मंसीर ९ गतेका दिन ८८ वर्षको उमेरमा देहावसान भएको समाचार छ । उहाँ वाग्मति स्थित शान्ति विहारमा रहँदै आउनु भएको कुरा बुझिएको छ ।

यसरी नै वयोवृद्ध भिक्षु पुण्यवरको मिति २०६१ पौष १८ का दिन १०६ वर्षको उमेरमा देहावसान भएको समाचार छ । उहाँ बसुन्धरा डोल स्थित विहारमा रहँदै आउनु भएको थियो ।

## नगदेशमा बुद्धपूजा

०६१ पौष ११, नगदेश बुद्ध विहार ।

यसदिन श्रद्धेय भिक्षु संघको समुपस्थितीमा सामूहिक बुद्ध पूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ । भिक्षु कोलितबाट पञ्चशील प्रार्थना गराइएको उक्त सभामा दक्षिण कोरियाबाट भिक्षु बोन यु सुनिमले कोरियामा बुद्ध धर्म भित्रिएको ऐतिहासिक घटना बताउनु हुँदै धर्मदेशना गर्नुभएको थियो । उक्त कार्यक्रममा थेरवादी बौद्ध संस्कार अनुसार अन्नप्राशन कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

## ऐतिहासिक गोर्खामा बौद्ध चैत्य शिलान्यास

पोखरा । गत शनिवार मंसिर १२ गते, ऐतिहासिक रमणिय स्थल गोर्खा बजारको वडा नं. ४ स्थित मैदान भन्ने ठाउँमा पृथ्वीनारायण नगरपालिका भित्र श्रद्धेय भिक्षु कोण्डन्यले पहिलो बौद्ध चैत्यको शिलान्यास गर्नुभयो । बौद्ध चैत्य शिलान्यास गरिएको एक रोपनी २ आना चानचुनका रु. ६ लाख पर्ने मैदान स्थित थुम्को जग्गा ४ वर्ष अगाडि गोर्खा बजारका भोलारत्न शाक्यले चैत्य तथा विहार निर्माणका लागि भिक्षु संघलाई दान गरेका थिए ।

चैत्य शिलान्यास समारोहमा प्रमुख अतिथी श्रद्धेय भिक्षु कोण्डन्यले ऐतिहासिक गोर्खाले राष्ट्रिय एकिकरणमा जुन भूमिका निर्वाह गरेको थियो नेपालको आजको द्वन्दको अवस्थामा शान्तीका प्रवर्तक भगवान गौतम बुद्धको शान्ती सन्देश फैलाउने क्रममा बौद्ध चैत्य निर्माणले अर्को ऐतिहासिक प्रयासको थालनी भएको बताउनु भयो । यसैक्रममा बौद्ध जगतमा निर्माण हुने विभिन्न चैत्यहरूको बारे पनि जानकारी दिनु भयो । शिलान्यास समारोहमा गोविन्द ताम्राकार जगन गुरूङ्ग, हरि, मोहन नारायण श्रेष्ठ आदिले शुभकामना व्यक्त गर्नुभएका थिए । शिलान्यास समारोहमा निर्माणधिन चैत्य मैत्री संघ पोखराका निवर्तमान अध्यक्ष विश्व शाक्यले गोरखा स्थित आफ्ना स्वर्गीय सासु, ससुराको नाममा निर्माण गरिदिने कुरा जनाइएको छ ।

गोरखा बौद्ध समुहको आयोजनामा विहान शिलान्यास कार्यक्रम र दिउँसो धर्मदेशना कार्यक्रम भएको थियो । विहानको शिलान्यास कार्यक्रममा मझुवा खैरनीबाट आउनु भएका श्रद्धेय लामाज्यूहरूबाट लामाविधि अनुसार पूजा अर्चना पनि भएको थियो । श्रद्धेय भिक्षु कौण्डन्यबाट शील प्रार्थना गराउनु भएपछि शुभारम्भ भएको शिलान्यास समारोहको अध्यक्षता गोरखा बौद्ध समूहका अध्यक्ष मोहन शाक्यले गर्नु भएको थियो । सभा सञ्चालन समूहका सचिव बिष्णु रानाले गर्नु भएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष कमल रानाले गर्नु भएको थियो ।

## एक दिवशीय ध्यान शिविर

मंसीर ३० गते ।

धम्म पोखर पचभैया ध्यान केन्द्रमा सहायक आचार्य अक्कल ध्वज गुरुङको निर्देशनमा एक दिवशीय ध्यान शिवीर कार्यक्रम सम्पन्न भयो ।

ध्यान शिवीर कार्यक्रममा भाग लिन साथै संचालन गर्न काठमाडौंबाट धम्म पोखर ध्यान केन्द्र पोखरालाई जग्गा दिने दाता श्रीमती रत्न देवी वज्राचार्य र नेपाल विपश्यना ध्यान केन्द्रको ट्रष्टी सदस्य श्रीमती सुमित्रा मानन्धर "गुरूङ" को नेतृत्वमा १९ जवान साधक साधिकाहरू पोखरा आउनु भै शिविरमा भाग लियो ।

ईन्जिनियर अमोल मानन्धरले पचभैयामा धम्म पोखर ध्यान केन्द्र निर्माणको लागि माष्टर प्लान धर्मशिला बुद्ध विहारमा साधक साधिकाहरूलाई प्रस्तुत गरियो ।

जग्गा दान पछि पहिलो पल्ट संचालन भएको एक दिवशीय ध्यान शिविरमा १० जवान महीला र १९ जवान पुरुषले भाग लिएको धम्म पोखर ध्यान केन्द्र पोखराको सहसचिव गोविन्द ताम्राकारले वताउनु भयो ।

### विश्व मैत्री विहारय् धर्मदेशना

पौष, संल्हू । यलया लायकूस्थित विश्व मैत्री विहारय् भिक्षु शोभन पञ्चशील प्रार्थना याका बिज्यासे धर्मदेशना याना बिज्या:गु समाचार दु । उपासिका दिलशोभा शाक्यं ल्वापु मदयक्यत मैत्री भावना ब्वलंकेमा:गु खँ कनादीगु उगु ज्याझ्वले दिवंगत भिक्षु कालुदायी मदुगु ५ दँया उपलक्षे जलपान दान नं या:गु समाचार दु ।

### सम्यक महादान

२०६१ माघ १, भुइख्य:, स्वयम्भू ।

प्रत्येक १२ वर्षको एकपटक मनाइँदै आइरहेको सम्यक महादान पर्व यसपाली पनि माघ १ गतेका दिन स्वयम्भू स्थित भुइख्य:मा सम्पन्न गरिएको छ । श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा दीपंकर बुद्ध प्रमुख बोधिसत्त्व करुणामयका मूर्तिहरू र अन्य थुप्रै देवताका मूर्तिहरू पनि सजाइएका थिए ।



दीपंकर बुद्धको मूर्ति

## अग्र मनुज, वन्दना

■ कृष्णहरि जि.सी.,
University of ITBMU, यङ्गोन, म्यान्मार

धर्म-धर्म भनी चिच्याएर हिंड्दैमा धर्म कहाँ भेटिन्छ ?!
वरपर फैलिएका हातहरू सारा थुक्दै कुल्चिदै
हेर तिर्थ-थलो चाहारेर खै' धर्म कुन अर्थ गरिन्छ ?!

साँचो धर्म आफ्नो चैतशिक धर्म चेतनामा छ रे
शीलवान भई सु-हृदयी हुन सके हरपल धर्म कमिन्छ रे
धर्मकै नाउँमा पनि हेर नरक-बास सत्गुरु नपरे

चारैतिर द्वार खुल्ला रोज्नु बाटो आफैले
दु:ख दिए अरुलाई पोल्छ त्यसले आफै आफूलाई
धर्म गर्न परहित चिताउनु छ अब सबले

सत्धर्म जान्ने लाग्यो हेर अब मनमा तल-तल
'मै खाउँ मै लाउँ' भित्र जुध्नु कति दिन हर पल
लोभ रिस रागले ल्याउँछ आफ्नै मनमा खल-बल

काल केही अघि धरातलमा बुद्ध निक्लिए
सत्धर्म बोध गरी भ्रम सारा झिकी दिए
ज्ञानका भोका सबलाई-सत्धर्म-पथ खोलिदिए


काल बित्यो तर हेर धर्म आफै अकाट्य
हे अग्र मनुज, वन्दना पञ्चै अंग जोडी चिटिक्क
तिमीलाई अर्पिरहुँ म, मन अशान्त नहोस् फिटिक्क



Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊप समो सुखो



जन्म : २०२२/६/२, शनिवार
(तिथि: ने.सं. १०८५ अष्टमी)

दिवंगत : २०६१/८/१२, शनिवार
(तिथि : ने.सं. ११२५ कछलागा)

## स्व. कनकरत्न शाक्य, त्रिशुली बजार

अविस्मरणीय कनिष्ठ पुत्र कनकरत्न शाक्यका अल्पायुमा अकल्पनिय दिवंगत भएको दु:खद घडीमा धैर्य धारणा गर्न शोक व्यक्त गर्नु हुने श्रद्धालु उपासक, उपासिका, आफन्तजन, शुभेच्छुक, संघ-संस्था एवं मित्रजनहरूमा साधुवादका साथ कृतज्ञता ज्ञापन गर्दछौं ।

साथै दिवंगत पुत्र कनकरत्न शाक्यको निर्वाण कामना गर्दछौं ।

**पिता : बोधिरत्न शाक्य – माता : बेखामाया शाक्य (चैत्यमाया)**

**धर्मपत्नी : मानशोभा शाक्य**

**छोरीहरू : सुश्री मञ्जु शाक्य, सुश्री श्रृष्टी शाक्य, छोरा: सुमनरत्न शाक्य**

**दाजु : प्रदीपरत्न शाक्य – भाउजु : करूणाशोभा शाक्य**

**भतिजी : सुश्री डा. बिम्बा शाक्य**
**भतिजी : सुश्री सुप्रिया शाक्य**
**भतिजा : अमूल्यरत्न शाक्य**

**दिदी : ललिता धाख्वा**
**भिनाजु : आनन्दरत्न धाख्वा**
**दिदी : रश्मी वज्राचार्य**
**भिनाजु : शान्तबहादुर वज्राचार्य**

## मैत्री संघ पोखराको आठौं वार्षिक उत्सव कार्यक्रम

मंसीर २६ गते।

मैत्री संघ पोखराको चौठौं महाअधिवेशन तथा आठौं वार्षिक उत्सव कार्यक्रम श्रद्धेय भिक्षु श्रद्धानन्दको प्रमुख आतिथ्यमा सम्पन्न भएको समाचार छ।

दोश्रो चरणको सभाले विक्रम उदाशको अध्यक्षतामा नयां कार्यसमिति गठन भएको छ। समितिको उपाध्यक्ष भूवन ताम्राकार, सचिव शुशिल लम्साल, सहसचिव सकेन्द्र ताम्राकार, कोषाध्यक्ष विमल उदाश र सदस्यहरूमा वृजमान ताम्राकार, दिपक लाल उदाश, वखत बहादुर गुरूङ, सुश्री वनिता ताम्राकार, निरन्जन ढकाल र श्रीमती जमुना शर्मा "वर्षा" छानिनु भएको छ।

सामुहिक शील प्रार्थनाबाट सुरु भएको कार्यक्रममा सचिव विमल उदाशले संघको वार्षिक प्रतिवेदन र भुवन ताम्राकारले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा एक दिन अगाडी मैत्री शिक्षा समुहका बालबालिकाबाट कविता वाचन भएको थियो।

## मैत्री बोधिसत्त्व विहारमा बुद्ध पूजा र धर्मदेशना

२०६१ पौष ४ शुक्लपक्ष अष्टमी।

स्थान- मैत्री बोधिसत्त्व विहार, जमल।

मैत्री बोधिसत्त्व महाविहार सहयोग समितिको आयोजनामा सञ्चालित यस दिनको बुद्ध पूजा र धर्मदिशना कार्यक्रममा ज्ञानमाला भजन पश्चात् चमेली गुरुमांले धर्मदेशना गर्नुभएको थियो। यसदिन कार्यक्रममा उपस्थित हुनु भएका सबै सहभागीहरूलाई धर्मकीर्ति विहारका कर्ण कुमारी पुच:को तर्फबाट जलपान दान गर्नुभएको थियो।

## सारीपुत्र र मौद्‌गल्यायन महास्थविरद्वयको शीलामूर्ति शोभायात्रा

नगदेश बुद्ध विहारका उपासक आशानरसिंह प्रमुख सपरिवारको तर्फबाट बुद्धका अग्र महाश्रावकद्वय भिक्षु सारीपुत्र र भिक्षु महामौद्‌गल्यायन महास्थविरद्वयको शीलामूर्तिलाई मध्यपुर ठिमी नगरबाट नगर परिक्रमा गराई नगदेश बुद्ध विहारको धम्महलमा पुऱ्याई बुद्धपूजा गरिएको समाचार छ।

न्हुच्छेकुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कृष्णकुमार प्रजापतिले धर्मसेनापति भिक्षु सारिपुत्र र मौद्‌गल्यायन महास्थविरद्वयको जीवनी वर्णन गर्नुभएको थियो। यसरी नै उक्त समारोहमा वरिष्ठ उपासक उपासिकाद्वय लगायत सपरिवारको आयु-आरोग्य कामना गर्दै सामूहिक पूण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो।

## तानसेनमा धर्मदेशना कार्यक्रम

तानसेन, पाल्पा ज्ञानमाला संघ, यसदिन आनन्द विहार तानसेनमा सकिमिला पूर्णिमाको अवसरमा धार्मिक कार्यक्रम सहितको धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ। लुम्बिनीबाट पाल्नु भएका श्रद्धेय भिक्षु धम्म सागर र श्रामणेर सुनितको मुख्य उपस्थितिमा सञ्चालन गरिएको सो कार्यक्रमको शुभारम्भमा ज्ञानमाला भजन, बुद्ध पुजा एवं शिल प्रार्थना गरिएको थियो। धर्म देशना गर्ने क्रममा श्रामणेर सुनितबाट पंचशीलको व्यवहारिक पक्षका साथै मानिसको कर्मबाट उसको पहिचान हुन्छ नकि जातबाट भन्ने विषयमा चर्चा गर्नुहुँदै बुद्ध कालिन कथा सुनाउनु भएको थियो। मूर्ति पुजामा भन्दा दीन दु:खीको सेवा गर्नुमा धर्मको सार रहेको समेत वहाँले आफ्नो धर्म देशनाको क्रममा बताउनु भएको थियो। कार्यक्रमको अन्तमा भिक्षु धम्म सागरबाट पूण्यानुमोदन गरि कार्यक्रम सम्पन्न गरिएको थियो।

## पुस्तक विमोचन

ज्ञानमाला भजन खल:को अठारौं ज्ञानमाला भजन पुस्तक दाता श्री द्रव्यमान सिंह (भाइराजा साहु) की श्रीमती वसुन्धरा तुलाधरको तर्फबाट एक समारोहमा विमोचन भएको समाचार छ। उक्त समारोहमा ज्ञानमाला भजन खल:लाई सहयोग गर्नुहुने सहयोगीहरूलाई सम्मान गरिएको थियो।

पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कार्यक्रममा ज्ञानमाला भजन खल:का उपाध्यक्ष पुण्य शाक्यले स्वागत गर्नुभएको थियो भने कोषाध्यक्ष गौतम बहादुर राजकर्णिकारले प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। भजन खल:का प्रमुख पन्नाकाजी शाक्यको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा हेरारत्न शाक्य, तुलसी कृष्ण मानन्धर, तीर्थरत्न स्थापित, रामरत्न कंसाकार, न्हुच्छेलाल नकर्मी, रामेश्वर मानन्धर र रामदेवी मानन्धर आदिलाई सम्मान गरिएको थियो।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital